दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

राम्रो घडेरी बिक्रीमा

तिलोत्तमा–१ शंकरनगर प्यारामाउण्ट स्कुलको पूर्वपट्टी उत्तरतर्फ २० फिट र पूर्वतर्फ २२ फिटको बाटोमा मोहडा पर्ने एक कठ्ठा जग्गा खरिद गर्न चाहनेले तुरुन्तै सम्पर्क गर्नुहोला।

सम्पर्क नम्बर: ९८०१८२७९५०

वर्ष ३८ | अंक १४७ | बुटवल | २०८३ जेठ १३ गते, बुधबार | नेपाल संवत ११४६ | Wednesday May 27, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## प्रधानमन्त्री खोज्दै विपक्षीले गरे संसद अवरोध

बुटवल । सभामुख डोलप्रसाद अर्यालले प्रधानमन्त्री बालेन शाहलाई संसदमा उपस्थित हुने रुलिङ गर्न इन्कार गरेका छन् ।

मंगलबार प्रतिनिधिसभा बैठकमा विपक्षी दलहरूले सभामुखले रुलिङ गर्नुपर्ने माग राखेका थिए ।

एमालेका प्रमुख सचेतक ऐन महरले प्रधानमन्त्री बालेन्द्र शाह खोपीको देउता बन्न खोजेको आरोप लगाएका छन् ।

उनले के उनलाई खोपीको देउता बनाउँदै घण्टी बजाएर पूजा गर्ने हो ? भन्ने प्रश्न गरे ।

उनले लोकतन्त्र र संविधानको चीरहरण गरेर बालेनतन्त्र स्थापना गर्न खोजिएको पनि आरोप लगाए । 'प्रधानमन्त्री संविधान र प्रतिनिधिसभा नियमावलीको कार्यान्वयन गर्न पनि प्रधानमन्त्रीले सदनलाई जवाफ दिनुपर्छ, उहाँ नआई यो सभा अगाडि बढ्न सक्दैन,' उनले भने-'सदनप्रति उत्तरदायी, जनमतको सम्मान गर्न प्रधानमन्त्री उपस्थिति हुनुपर्छ भन्ने हाम्रो माग हो ।'

यस्तै उनले यस विषयमा प्रधानमन्त्री र सरकारलाई रुलिङ गर्न पनि सभामुखसमक्ष माग गरे ।

यस सन्दर्भमा सभामुख अर्यालले विपक्षी दलहरूको यस्तो इच्छा नेचुरल (प्राकृतिक) प्रक्रिया भएको भन्दै उनले प्रधानमन्त्री उपस्थित हुने विषय पनि नेचुरल नै रहेको बताए ।

रुलिङ गर्न इन्कार गर्दै सभामुख अर्यालले भने-'प्रधानमन्त्री आउने मिति तय हुने बित्तिकै म माननीय सदस्यहरूलाई जानकारी गराउँछु ।'

तर, विपक्षीले मानेनन् ।

त्यसपछि सभामुखले विपक्षीको अवरोधका बिच सभालाई अगाडि बढाए ।

सभामुखले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री खडकराज पौडेललाई पर्यटन विधेयक २०८२ माथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न समय दिए ।

विरोधका बिच विधेयकमाथिको छलफल अगाडि बढ्यो । विपक्षी दलका सांसदहरूले विरोध जारी राखेका थिए ।

रास्वपा सांसद अशोककुमार चौधरीले संसदलाई विरोधको थलो बनाउन नहुने भनेर विपक्षीलाई कटाक्ष समेत गरेका छन् ।

## जीबी राई कहिले पक्राउ पर्छन् ?

बुटवल । सहकारी ठगीमा संलग्न रहेको आरोप लागेका जीबी राई कहिले पक्राउ पर्छन् ? भनेर संसदमा प्रश्न उठेको छ ।

श्रम संस्कृति पार्टीका सांसद आरेन राईले सरकारलाई यी लगायतका प्रश्न गरेका हुन् ।

सोमबार प्रतिनिधिसभाको बैठकमा बोल्दै उनले भने, 'बाँदर व्यवस्थापन कहिले हुन्छ सरकार ? सुकुम्वासी र अव्यवस्थित बसोवासीलाई सरकार छ भन्ने अनुभूत हुने गरी व्यवस्थापन कहिले हुन्छ सरकार ? जीबी राई कहिले पक्राउ पर्छन् सरकार ?' सहकारीमा डुबेको पैसा बचतकर्ताले फिर्ता पाउनुपर्ने, तर राज्यले तिरिदिने विषय के हो भनेर पनि राईले सरकारलाई सोधे ।

किसानको समस्या समाधान व्यवहारमै गर्न उनले आग्रह गरे । सडक आयोजनाहरूको अवस्था ख्याल गर्न सुझाए ।

# लुम्बिनीको नेतृत्व पाउनुपर्ने कांग्रेसको अडान : को बन्ला सातौं मुख्यमन्त्री ?

### तीन दिनभित्र पार्टी केन्द्रले पूर्व समझदारीअनुसार सरकारको नेतृत्व नेपाली कांग्रेसले पाउने निर्णय कार्यान्वयनका लागि आग्रह गर्ने संसदीय दलले निर्णय गरेको छ।

**टिआर शर्मा**

*बुटवल*

पूर्व समझदारीअनुसार लुम्बिनी प्रदेश सरकारको नेतृत्व (मुख्यमन्त्री) परिवर्तन गर्नुपर्ने अडान सत्तारुढ दल नेपाली कांग्रेसले राखेको छ । कांग्रेसको यो अडान कार्यान्वयन भए प्रदेश सरकारले सातौं मुख्यमन्त्री पाउने छ । २०७४ यताको ९ वर्षमा हालका मुख्यमन्त्रीसहित प्रदेशमा ६ जना मुख्यमन्त्री भइसकेका छन् ।

नेपाली कांग्रेस लुम्बिनी संसदीय दलको सोमबार साँझ अबेरसम्म बसेको बैठकले पूर्वसमझदारीअनुसार सरकारको नेतृत्व कांग्रेसले नपाउँदासम्म आफ्ना मन्त्रीहरु फिर्ता नबोलाउने निर्णय गरेको हो ।

यसअघि पार्टीको प्रदेश समितिले भने सोमबार नै मन्त्रीहरु फेरेर बजेटपछि मुख्यमन्त्री फेर्नेगरी तयारी गरेको थियो । तर पार्टीले गरेको यो समझदारी संसदीय दलको बैठकले रोकेको छ ।

मुख्यमन्त्रीमा नेकपा एमालेकै चेतनारायण आचार्यलाई निरन्तरता दिई मन्त्रीहरु मात्रै नयाँ पठाएर मन्त्रिपरिषद् पुनःगठन गर्ने दुई दलबिच सहमति भएको सार्वजनिक भएको थियो ।

बजेटअघि मुख्यमन्त्री फेरबदल नगर्ने समझदारी भएको चर्चा भएपनि सोमबार नीति तथा कार्यक्रम प्रस्तुतपछि ४ घण्टा लामो समय बसेको कांग्रेस संसदीय दलको बैठकले मुख्यमन्त्री नेपाली कांग्रेसले नपाएसम्म मन्त्रीहरु मात्र फिर्ता नबोलाउने निर्णय गरेको हो ।

२७ सदस्यीय कांग्रेस संसदीय दलको बैठकमा २६ जना सहभागी मध्ये बर्दियाका भुवनेश्वर चौधरीले मन्त्री मात्रै फेरबदल गर्नुपर्ने प्रस्ताव गरेका थिए ।

अरु सांसदले मुख्यमन्त्री नै कांग्रेसले पाउनुपर्ने निर्णयमा सहमति जनाएका थिए । 'पूर्व समझदारी अनुसार सरकारको नेतृत्व नेपाली कांग्रेसले पाउनुपर्छ भनेर प्रदेश तथा केन्द्रीय नेतृत्वलाई समन्वय गर्न आग्रह गर्ने निर्णय भएको छ ।'-सांसद वीरबहादुर रानाले भने । पाल्पाका सांसद राना मुख्यमन्त्रीका आकांक्षीमध्ये एक हुन् ।

नेपाली कांग्रेस लुम्बिनीका प्रमुख सचेतक जमुना ढकालले सरकारको नेतृत्व पार्टीले लिनेगरी अघि बढ्ने निर्णय भएको बताइन् ।

बैठकमा सहभागी एक मन्त्रीका अनुसार तीन दिनभित्र पार्टी केन्द्रले पूर्व समझदारीअनुसार सरकारको नेतृत्व नेपाली कांग्रेसले पाउने निर्णय कार्यान्वयनका लागि आग्रह गर्ने निर्णय गरेको छ ।

दुवै दलबीच मुख्यमन्त्री पाउने दलले ३ जना मन्त्री र मुख्य मन्त्री नपाउने दलले ४ मन्त्री पाउनेगरी समझदारी भएको छ ।

अहिले मुख्यमन्त्रीसहित १२ मन्त्रालय भएको प्रदेशमा अब ८ मात्रै मन्त्रालय रहने सरकारको नीति तथा कार्यक्रममै उल्लेख छ । ८ सदस्यीय मन्त्रिपरिषद बन्दा हाल मन्त्रिपरिषद्मा रहेका जसपाका आदेशकुमार अग्रवाल र लोसपाका सन्तोष पाण्डे मन्त्री रहन पाउने छैनन् ।

२०८१ को साउन ७ गते एमालेका चेतनारायण आचार्य मुख्यमन्त्री बन्दा एमाले र कांग्रेसबिच गत चैतसम्म एमालेले नेतृत्व गर्ने र त्यसपछिको बाँकी अवधि कांग्रेसले नेतृत्व गर्ने सहमति गरेका थिए । कांग्रेस संसदीय दलका नेता डिल्लीबहादुर चौधरी भए पनि उनी यसअघि पनि सरकारको नेतृत्व गरेकाले उनी नै मुख्मन्त्री हुने निश्चित भएको छैन । कांग्रेसको विशेष महाधिवेशनबाट गगन थापा सभापति भएपछि फेरिएको कांग्रेसको




आन्तरिक राजनीतिक समिकरणका कारण कांग्रेसबाट को मुख्यमन्त्री बन्ने अझै अन्योल छ । ८७ सदस्यीय प्रदेशसभामा अहिले ८३ सांसद कायम छन् । जसमा एमालेका २९, कांग्रेसका २७ र नेकपाका १२ सांसद छन् । लुम्बिनी प्रदेश सभामा सरकार गठनका लागि आवश्यक बहुमतका लागि ४२ सांसद आवश्यक पर्छ ।

**हालसम्म ५१ जना भए मन्त्री**

लुम्बिनी प्रदेशमा २०७४ यता ६ जना मुख्यमन्त्री र ५० जना मन्त्री बनेका छन् । राजनीतिक दलहरूको सत्ता स्वार्थका कारण पटक-पटक मन्त्रिपरिषद् पुनर्गठन हुँदा मुख्यमन्त्री र मन्त्री बन्नेको लावालस्कर देखिएको हो । केही चतुर सांसदले त पटकपटक मन्त्री भएर कीर्तिमान बनाएका छन् ।

प्रदेशले औचित्य पुष्टि गर्न नसकेको आरोप लागिरहेका बेला मन्त्री बन्ने र बनाउने क्रम जारी छ । केन्द्रीय राजनीतिको दुष्चक्रले प्रदेश सरकार सबैभन्दा बढी प्रभावित हुँदै आएको छ ।

लुम्बिनीमा २०७४ साल फागुन ३ गतेदेखि २०८१ साउन ७ गतेसम्म ६ वटा सरकार गठन भएका छन् । २०७४ सालमा लुम्बिनीको पहिलो मुख्यमन्त्रीका रूपमा शंकर पोखरेल निर्वाचित भएका थिए । पोखरेल २०७८ साल साउन पहिलो सातासम्म मुख्यमन्त्री थिए ।

पोखरेल सबैभन्दा लामो समय मुख्यमन्त्री भए । त्यसपछि विकसित राजनीतिक घटनाक्रमले २०७८ साल साउन ४ गते नेकपा माओवादी केन्द्रबाट कुलप्रसाद केसी मुख्यमन्त्री बने । केसीकै कार्यकालमा प्रदेश सभाको दोस्रो निर्वाचन भयो ।

केसीले २०७९ पुस अन्तिम साता सत्ता छोडे । निर्वाचनलगत्तै नेकपा एमालेका लीला गिरी करिब तीन महिना मुख्यमन्त्री भए । त्यसपछि २०८० वैशाख १५ गते नेपाली कांग्रेसका डिल्ली चौधरी मुख्यमन्त्री बने । चौधरीको कार्यकाल चैत अन्तिम सातासम्म रह्यो ।

राजनीतिक अस्थिरताकै कारण २०८० चैत २५ गते नेकपा माओवादी केन्द्रका जोखबहादुर महरा मुख्यमन्त्री बने । एमाले-माओवादीको गठबन्धनबाट बनेका महराको कार्यकाल २०८१ साउन ६ गतेसम्म रह्यो । कांग्रेस र एमाले गठबन्धन बनेपछि नेकपा एमालेबाट चेतनारायण आचार्य साउन ७ गते मुख्यमन्त्रीमा नियुक्त भएका थिए ।

२०७९ को निर्वाचनपछि चारपटक सरकार फेरिएको छ । २०७४ देखि अहिलेसम्म दुई दर्जन पटक मन्त्रिपरिषद् हरेफेर (पुनर्गठन) गरिएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको अभिलेखमा उल्लेख छ । २०७९ को निर्वाचनयताको १७ महिनामा मुख्यमन्त्रीसहित २५ जना मन्त्री भइसकेका छन् । पहिलो मुख्यमन्त्री पोखरेलले चारपटक मन्त्रिपरिषद् हेरफेर गरेका थिए । यस्तै दोस्रो मुख्यमन्त्री केसीले तीन, तेस्रो मुख्यमन्त्री गिरीले तीन, चौथो मुख्यमन्त्री चौधरीले पाँच पटक मन्त्रिपरिषद् हेरफेर गरेका थिए ।

यसैगरी पछिल्लो पटक पाँचौं मुख्यमन्त्री बनेका जोखबहादुर महराले पाँच पटक मन्त्रिपरिषद् हेरफेर गरेका थिए ।

» बाँकी ३ पेजमा

# सुकुम्वासी/अव्यवस्थित बसोवासीको जबरजस्ती उठिबास रोक्न मानवअधिकारवादीको माग




बुटवल । विभिन्न मानवअधिकार रक्षक तथा नागरिक समाजका प्रतिनिधिहरूले काठमाडौं उपत्यकासहित देशका विभिन्न स्थानमा भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोवासीहरूमाथि भइरहेको जबरजस्ती निष्कासन तत्काल रोक्न सरकारसँग माग गरेका छन् ।

उनीहरूले विस्थापित परिवारहरूको मर्यादित तथा अधिकारमा आधारित पुनर्वास सुनिश्चित गर्न पनि आग्रह गरेका छन् । मानवअधिकारकर्मीहरूले जारी गरेको संयुक्त वक्तव्यमा नेपाल सरकारद्वारा गरिएको निष्कासन कार्यलाई 'अमानवीय र धोकाधडीपूर्ण' भन्दै भर्त्सना गरिएको छ ।

१२ बैशाखदेखि बागमती नदी र सहायक नदी किनारका बस्तीहरूमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र काठमाडौं महानगर प्रहरी परिचालन गरी निष्कासन अभियान सञ्चालन गरिएको थियो । थापाथली, सिनामंगल, गैरीगाउँ र शान्तिनगरबाट सुरु भएको अभियान मनोहरा, टेकु, बल्खु, बंसीघाट, शंखमुल, बालाजु र कपनलगायत क्षेत्रमा फैलिएको थियो ।

उनीहरूल सर्वोच्च अदालतले २५ बैशाखको अन्तरिम आदेशको पालना नगरी निष्कासन कार्य जारी राखिएको आरोप लगाइएका छन् । अदालतले वैकल्पिक आवासको व्यवस्था र उचित प्रक्रिया पूरा नगरी निष्कासन नगर्न आदेश दिएको थियो ।

तर, हजारौं परिवारलाई पर्याप्त सूचना, सुरक्षा र पुनर्वास योजना बिना विस्थापित गरिएको दाबी गरिएको छ ।

मानवअधिकारकर्मीहरूका अनुसार करिब १५ हजार मानिस विस्थापित भएका छन् । धेरै परिवारले घर भत्काउनुअघि २४ घण्टाको सूचना मात्र पाएका थिए । यस क्रममा उनीहरूले आफ्ना सामान, आवश्यक कागजात तथा दैनिक जीवनका आधारभूत सामग्री सुरक्षित गर्ने अवसरसमेत नपाएको उल्लेख छ ।

सरकारको तीन महिनासम्म प्रतिमहिना १५ हजार रुपैयाँ र एकमुष्ट २५ हजार रुपैयाँ राहत दिने निर्णयलाई उनीहरूले अपर्याप्त र निन्दनीय भनेका छन् । उक्त रकमले आवास, शिक्षा, जीविका र सामाजिक संरचनामा पुगेको क्षतिको पूर्ति गर्न नसक्ने जनाइएको छ ।

मानवअधिकारकर्मीहरूले होल्डिङ सेन्टरहरूको अवस्थाप्रति पनि गम्भीर चिन्ता व्यक्त गरेका छन् । ती स्थानहरूमा अत्यधिक भीड, सरसफाइको अभाव, गोपनीयताको कमी, स्वास्थ्य सामग्रीको अभाव तथा सीमित मनोसामाजिक सहयोग रहेको वक्तव्यमा उल्लेख छ । बालबालिका विद्यालयबाहिर रहेका र परिवारहरू मानसिक तनावमा बाँच्न बाध्य भएको जनाइएको छ ।

जबरजस्ती निष्कासनपछि आएको तनावका कारण दुई जना आदिवासी समुदायका व्यक्तिले आत्महत्या गरेको तथा सप्तरीकी एक महिलाको मृत्यु भएको घटनाको विश्वसनीय अनुसन्धान नभएको भन्दै मानवअधिकारकर्मीहरूले सरकारको ध्यानाकर्षण गराएका छन् ।

जबरजस्ती निष्कासनले नेपालको संविधान, आवाससम्बन्धी कानुन तथा अन्तर्राष्ट्रिय मानवअधिकार सन्धिहरूको उल्लङ्घन गरेको दाबी गरिएको छ ।

» बाँकी ३ पेजमा

गाउँवासीहरुमा हार्दिक अनुरोध

हावाहुरीबाट बचौं र बचाऔं ।

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रूपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरू खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं ।
- हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं ।

पाल्हीनन्दन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नवलपरासी (बसुप)

## सम्पादकीय

# सभामुखको भूमिका

संसदमा प्रधानमन्त्री बालेन्द्र साहको खोजी गर्दै प्रमुख प्रतिपक्ष दल कांग्रेससहितका दलले सदन अवरुद्ध गरिरहेका छन् । विपक्षी दलहरुले  सदनमा प्रधानमन्त्रीको खोजी गर्न थालेको साता बित्यो, तर प्रधानमन्त्रीलाई पाउन सकेका छैनन् । विपक्षीले माग निरन्तर गरेपछि पटक-पटक सभामुख प्रधानमन्त्रीलाई संसदमा आउन आग्रह गर्न सिंहदरबारस्थित प्रधानमन्त्री कार्यालय पुगे, तर प्रधानमन्त्री टसमस भएनन् । बरू प्रधानमन्त्रीलाई भेटेर आएपछि सभामुख झनै विपक्षीप्रति आक्रामक भएका छन् ।

संसदमा प्रधानमन्त्रीको खोजी हुनु स्वभाविकै हो । संसदीय व्यवस्थामा प्रधानमन्त्रीको चयन संसदबाट हुन्छ । र, प्रधानमन्त्री संसदप्रति उत्तरदायी हुनुपर्छ । संसदप्रति उत्तरदायी हुनुपर्ने व्यक्ति संसदले खोजेको बेला सहभागी हुने, संसदमा सम्बोधन गर्ने, नीति तथा कार्यक्रम प्रस्तुत गर्दा उपस्थित हुने र राष्ट्रपतिलाई बिदाई गर्दै धन्यवाद दिने, सांसदसँग प्रश्नोत्तरमा सहभागी हुन अनिवार्य छ । अहिले संसदप्रति पूर्णतः बेवास्ता गरेर प्रधानमन्त्री अनुत्तरदायी भएका छन् । प्रधानमन्त्रीलाई विपक्षीले उपस्थित हुन माग गर्ने विषय सामान्य हो । र, यो माग स्वभाविक हो । सरकार सत्तापक्षको हो र संसद विपक्षको हो भन्ने मान्यता संसदीय व्यवस्थामा हुन्छ । अर्थात् विपक्षी दलले संसदमा राखेका विषयको महत्व हुन्छ भन्न खोजिएको हो । संसद विपक्षीको भएकाले उनीहरुका मागप्रति सभामुख सकारात्मक बन्दै प्रधानमन्त्रीलाई उपस्थित गराउन सक्नुपर्छ । सभामुखले विपक्षप्रति कठोर भएर होइन्, समन्वय र सहकार्य गर्दै अघि बढ्दा आफ्नो निष्पक्ष भूमिका देखाउन सक्छन् । नेपालको संसदमा २०४८ सालपछि धेरै सभामुख भए, तर दमननाथ ढुंगाना र सुवास नेम्बाङलाई सम्झने धेरै छन् । उनीहरुलाई सम्झनुको कारण हो, संसदमा सभामुखले खेलेको निष्पक्ष भूमिका । अहिले सभामुख डिपी अर्याल निष्पक्ष भूमिका खेल्नबाट चुकेका छन् ।

सभामुख नै विपक्षीप्रति कठोर र अनुदार हुनुको अर्थ हो । रास्वपाले अहिले सरकार र सदन नै कब्जा गरेको छ । यो लोकतान्त्रिक मुलुक र व्यवस्थाकालागि शुभ सन्देश होइन् । विपक्षीले प्रधानमन्त्री खोजेपछि सभामुखले रूलिङ गरेरै भए पनि प्रधानमन्त्रीलाई उपस्थित गराउने जिम्मेवारी हुन्छ । प्रधानमन्त्री आएनन् भनेर सभामुखले पेलेरै सदन चलाउने हो भने उनीप्रति धेरै प्रश्न उठ्ने छन्, सभामुखप्रति प्रश्नैप्रश्न उठ्ने सदनप्रति नागरिकको भरोसा र विश्वास पनि टुट्ने जोखिम हुन्छ । नागरिकको विश्वास र भरोसा टुटेको अवस्थामा समाजमा निराशा र वितृष्णा बढ्ने जोखिम हुन्छ । तसर्थ सभामुखले आफ्नो निष्पक्ष भूमिका निर्वाह गर्न चुक्न हुन्न । व्यवस्थाप्रति भरोसा र विश्वास दिन सक्दा मात्रै अगाडिको बाटो सहज र फराकिलो हुन्छ ।

# सरकारको आउँदो कार्यदिशा



विश्वनाथ खरेल

त्यसैले सरकारले कार्यान्वयन क्षमता देखाउनुपर्छ । यदि वर्तमान सरकारले दूरदर्शी नीति, दृढ इच्छाशक्ति र प्रभावकारी कार्यान्वयनमार्फत् जनविश्वास जित्न सक्यो भने नेपालको आर्थिक तथा सामाजिक रूपान्तरण सम्भव छ । अन्यथा राजनीतिक अस्थिरता, बेरोजगारी, भ्रष्टाचार र निराशा अझ गहिरिँदै जाने खतरा रहनेछ । अन्ततः सरकारको सफलता उसले बनाएका योजनाले होइन, जनताको जीवनमा ल्याएको सकारात्मक परिवर्तनले मापन गरिनेछ ।

नेपालको राजनीतिक इतिहासमा सरकार परिवर्तन, गठबन्धनको पुनर्संरचना, आर्थिक चुनौती, जनअपेक्षा र सुशासनको प्रश्न सधैँ चर्चाको केन्द्रमा रहने गरेका छन् । संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनापछि जनताले राजनीतिक स्थायित्व, आर्थिक समृद्धि, रोजगारी, गुणस्तरीय शिक्षा-स्वास्थ्य, पूर्वाधार विकास तथा भ्रष्टाचार नियन्त्रणको अपेक्षा गरेका छन् । तर व्यवहारमा राजनीतिक अस्थिरता, कमजोर कार्यान्वयन, सुस्त प्रशासन र आर्थिक मन्दीले जनअपेक्षाअनुसार परिणाम दिन सकेको छैन । यस्तो अवस्थामा वर्तमान सरकारमाथि जनताको भरोसा पुनः स्थापित गर्दै राष्ट्रलाई विकास, सुशासन र समृद्धिको दिशामा अगाडि बढाउने ठूलो जिम्मेवारी आएको छ । वर्तमान सरकारको आगामी कार्यदिशा केवल सरकार सञ्चालनको औपचारिक योजना मात्र होइन, यो देशको आर्थिक, सामाजिक, राजनीतिक र प्रशासनिक भविष्यसँग जोडिएको विषय हो । आगामी दिनमा सरकारले कुन प्राथमिकता तय गर्छ, कसरी कार्यान्वयन गर्छ र जनतालाई कस्तो परिणाम दिन्छ भन्ने कुराले नेपालको समग्र भविष्य निर्धारण गर्नेछ ।

**सुशासन र प्रशासनिक सुधार** : नेपालमा सुशासनको अभाव सबैभन्दा बढी उठ्ने प्रश्न हो । भ्रष्टाचार, ढिलासुस्ती, अनियमितता, दलाल संस्कृति र कमजोर सेवा प्रवाहका कारण जनतामा निराशा बढेको छ । त्यसैले वर्तमान सरकारको पहिलो कार्यदिशा सुशासनलाई केन्द्रमा राख्नुपर्ने देखिन्छ । सरकारले सार्वजनिक प्रशासनलाई पारदर्शी, उत्तरदायी र परिणाममुखी बनाउनु आवश्यक छ ।

सरकारी कार्यालयमा डिजिटल प्रणाली विस्तार, अनलाइन सेवा, कागजरहित प्रशासन र नागरिकमैत्री सेवा प्रणाली विकास गर्नुपर्छ । यसले भ्रष्टाचार घटाउने र सेवा छिटो उपलब्ध गराउनेछ । त्यसरी नै अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र तथा अन्य निगरानी निकायलाई प्रभावकारी बनाउनुपर्छ । ठूला भ्रष्टाचार काण्डमा निष्पक्ष अनुसन्धान र कारबाही गर्न सके मात्र जनविश्वास बढ्नेछ । कर्मचारीतन्त्रलाई राजनीतिक प्रभावबाट मुक्त गरी योग्यता र क्षमताका आधारमा काम गर्ने वातावरण निर्माण गर्नु अर्को महत्वपूर्ण दिशा हो । संघीय संरचनाअनुसार केन्द्र, प्रदेश र स्थानीय तहबिच समन्वय सुधार गर्नु पनि सरकारको प्राथमिकता बन्नुपर्छ ।

**आर्थिक सुधार र समृद्धिको मार्ग** : नेपालको अर्थतन्त्र अहिले चुनौतीपूर्ण अवस्थामा छ । राजस्व संकलन कमजोर छ, उद्योग व्यवसाय सुस्त छन् । यसले गर्दा वैदेशिक लगानी अपेक्षाअनुसार आएको छैन र युवा विदेश पलायन भइरहेका छन् । यस सन्दर्भमा वर्तमान सरकारको मुख्य कार्यदिशा आर्थिक पुनरुत्थान हुनुपर्छ ।

**कृषि आधुनिकीकरण** : नेपाल कृषिप्रधान देश भए पनि खाद्यान्न आयातमा निर्भर हुँदै गएको छ । सरकारको आगामी योजना कृषिलाई व्यवसायीकरण र आधुनिकीकरण गर्ने दिशामा केन्द्रित हुनुपर्छ । सिँचाइ विस्तार, उन्नत बिउ-मलको सहज उपलब्धता, कृषि बिमा, भण्डारण व्यवस्था तथा बजार सुनिश्चितताले किसानलाई उत्पादनमा आकर्षित गर्न सकिन्छ । कृषि उत्पादनमा आधारित उद्योग स्थापना गरी ग्रामीण अर्थतन्त्रलाई बलियो बनाउनुपर्ने आवश्यकता छ ।

**उद्योग र लगानी प्रवर्द्धन** : देशभित्र उद्योगमैत्री वातावरण निर्माण गर्न सके मात्र रोजगारी सिर्जना हुन्छ । सरकारको कार्यदिशा लगानीमैत्री नीति निर्माण, कर प्रणाली सुधार, विद्युत् आपूर्ति सुनिश्चितता तथा प्रशासनिक झन्झट हटाउनेतर्फ केन्द्रित हुनुपर्छ । जलविद्युत्, पर्यटन, सूचना प्रविधि, सिमेन्ट, जडीबुटी तथा कृषि प्रशोधन उद्योगलाई प्राथमिकता दिएर उत्पादनमुखी अर्थतन्त्र निर्माण गर्न सकिन्छ । विदेशी लगानी आकर्षित गर्न नीतिगत स्थायित्व, कानुनी सुरक्षा र पूर्वाधार विकास अपरिहार्य छ ।

**रोजगार सिर्जना** : हरेक वर्ष हजारौँ युवा रोजगारीका लागि विदेश पलायन भइरहेका छन् । सरकारको आगामी दिशा युवालाई स्वदेशमै अवसर सिर्जना गर्ने हुनुपर्छ । सीपमूलक शिक्षा, स्टार्टअप प्रवर्द्धन, सहुलियत ऋण, उद्यमशीलता विकास तथा डिजिटल अर्थतन्त्रमा आधारित रोजगारी सिर्जना गर्नुपर्छ । यदि सरकारले युवालाई अवसर दिन सकेन भने देशको उत्पादनशील जनशक्ति निरन्तर बाहिरिने खतरा रहन्छ ।

**पूर्वाधार विकासलाई तीव्रता** : पूर्वाधार विकास आर्थिक समृद्धिको आधार हो । सडक, पुल, विद्युत्, खानेपानी, विमानस्थल, रेल, सूचना प्रविधि तथा शहरी विकासमा तीव्र काम गर्नु सरकारको आगामी कार्यदिशा हुनुपर्छ । नेपालमा धेरै आयोजना समयमै सम्पन्न नहुने समस्या छ । लागत बढ्ने, गुणस्तर कमजोर हुने र राजनीतिक हस्तक्षेप हुने प्रवृत्तिले विकासलाई प्रभावित बनाएको छ । त्यसैले परियोजना व्यवस्थापन सुधार, पारदर्शी ठेक्का प्रणाली र समयसीमा कार्यान्वयनमा कडाइ आवश्यक छ ।

**ऊर्जा क्षेत्र** : नेपाल जलस्रोतमा धनी देश हो । जलविद्युत् उत्पादन बढाएर आन्तरिक खपत तथा निर्यात विस्तार गर्नु सरकारको दीर्घकालीन दिशा बन्नुपर्छ । भारत र बंगलादेशसँग विद्युत् व्यापार विस्तार गरेर नेपालले विदेशी मुद्रा आर्जन गर्न सक्छ । ऊर्जा क्षेत्रमा निजी क्षेत्रको सहभागिता बढाउनु र प्रसारण लाइन विस्तार गर्नु आवश्यक छ ।

**सडक र यातायात** : गुणस्तरीय सडक सञ्जाल आर्थिक गतिविधिको मेरुदण्ड हो । ग्रामीण सडक सुधार, द्रुतमार्ग निर्माण, सुरुङमार्ग तथा आधुनिक सार्वजनिक यातायात विकास गर्नुपर्छ । काठमाडौं उपत्यकाको ट्राफिक व्यवस्थापन, प्रदूषण नियन्त्रण तथा सार्वजनिक यातायात सुधार पनि सरकारको प्राथमिकता बन्नुपर्छ ।

**शिक्षा क्षेत्रमा सुधार** : नेपालको शिक्षा प्रणाली अझै पनि व्यावहारिक र रोजगारमुखी बन्न सकेको छैन । लाखौँ विद्यार्थी उच्च शिक्षाका लागि विदेश जाने क्रम बढ्दो छ । यसले देशबाट ठूलो धनराशि बाहिरिएको छ । सरकारको आगामी कार्यदिशा गुणस्तरीय, प्रविधिमैत्री र रोजगारमुखी शिक्षा प्रणाली विकास गर्नु हुनुपर्छ ।

**प्राविधिक शिक्षा** : प्राविधिक तथा व्यावसायिक शिक्षालाई विस्तार गरी उद्योग र श्रम बजारसँग जोड्नुपर्छ । कृषि, स्वास्थ्य, सूचना प्रविधि, पर्यटन र निर्माण क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्नु आवश्यक छ ।

**अनुसन्धान र नवप्रवर्तन** : विश्वविद्यालयलाई अनुसन्धान केन्द्रका रूपमा विकास गर्नुपर्छ । विज्ञान, प्रविधि र नवप्रवर्तनमा लगानी बढाउनु आजको आवश्यकता हो । डिजिटल शिक्षाको विस्तार, ग्रामीण क्षेत्रमा इन्टरनेट पहुँच र शिक्षक तालिमलाई पनि प्राथमिकता दिनुपर्छ ।

**स्वास्थ्य क्षेत्रको सुदृढीकरण** : कोभिड-१९ महामारीले नेपालको स्वास्थ्य प्रणालीका कमजोरी उजागर गरेको थियो । अझै पनि ग्रामीण क्षेत्रमा गुणस्तरीय स्वास्थ्य सेवा पहुँच कमजोर छ । सरकारको आगामी दिशा स्वास्थ्य पूर्वाधार विस्तार, जनशक्ति व्यवस्थापन र सर्वसुलभ स्वास्थ्य सेवा सुनिश्चित गर्ने हुनुपर्छ ।

**अस्पताल र स्वास्थ्य सेवा** : प्रदेश तथा जिल्ला अस्पताललाई सुदृढ बनाउनु आवश्यक छ । स्वास्थ्य बिमा कार्यक्रम प्रभावकारी बनाउनु र औषधिको सहज उपलब्धता सुनिश्चित गर्नुपर्छ । मातृ मृत्युदर र कुपोषण घटाउन विशेष कार्यक्रम सञ्चालन गर्नुपर्छ । ग्रामीण क्षेत्रमा स्वास्थ्यकर्मीको अभाव समाधान गर्नु पनि महत्वपूर्ण छ ।

**संघीयता कार्यान्वयन र समन्वय** : नेपालको संविधानले संघीय शासन व्यवस्था स्थापित गरेको छ । तर संघीयता अझै पूर्णरूपमा प्रभावकारी हुन सकेको छैन । केन्द्र, प्रदेश र स्थानीय तहबीच अधिकार, स्रोत र जिम्मेवारीमा स्पष्टता आवश्यक छ । सरकारको आगामी कार्यदिशा संघीयताको प्रभावकारी कार्यान्वयन हुनुपर्छ । स्थानीय तहलाई आर्थिक र प्रशासनिक रूपमा सक्षम बनाउनु, प्रदेश सरकारको भूमिकालाई स्पष्ट पार्नु तथा समन्वय प्रणाली मजबुत बनाउनु जरुरी छ । संघीयता सफल भए मात्र विकास स्थानीयस्तरसम्म पुग्न सक्छ ।

**सामाजिक न्याय र समावेशिता** : नेपाल बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक देश हो । संविधानले समावेशी राज्यको अवधारणा अघि सारे पनि व्यवहारमा अझै विभेद र असमानता देखिन्छ । सरकारको आगामी दिशा सामाजिक न्याय, समान अवसर र समावेशी विकासमा केन्द्रित हुनुपर्छ । दलित, महिला, आदिवासी जनजाति, मधेसी, पिछडिएका समुदाय तथा अपांगता भएका व्यक्तिको अधिकार सुनिश्चित गर्न विशेष कार्यक्रम आवश्यक छन् । महिला सशक्तीकरण, लैंगिक समानता तथा युवाको राजनीतिक सहभागिता बढाउनु पनि महत्वपूर्ण छ ।

**पर्यटन प्रवर्द्धन** : नेपाल प्राकृतिक, सांस्कृतिक र धार्मिक पर्यटनको धनी देश हो । पर्यटनले ठूलो रोजगारी र विदेशी मुद्रा आर्जन गर्न सक्छ । सरकारको आगामी कार्यदिशा पर्यटन पूर्वाधार विकास, अन्तर्राष्ट्रिय प्रचार, सुरक्षित पर्यटन वातावरण तथा नयाँ गन्तव्य प्रवर्द्धन हुनुपर्छ । जसमा सगरमाथा, लुम्बिनी, पशुपतिनाथ मन्दिर, चितवन नेसनल पार्क आदि विश्वप्रसिद्ध गन्तव्यलाई आधुनिक सेवासँग जोडेर नेपाललाई आकर्षक पर्यटकीय केन्द्र बनाउन सकिन्छ । धार्मिक पर्यटन, साहसिक पर्यटन, ग्रामीण पर्यटन तथा स्वास्थ्य पर्यटनलाई पनि सरकारले प्राथमिकता दिनुपर्छ ।

**वातावरण संरक्षण** : जलवायु परिवर्तनको असर नेपालमा तीव्ररूपमा देखिएको छ । हिमाल पग्लिने, बाढी-पहिरो बढ्ने, कृषि उत्पादन घट्ने तथा प्राकृतिक विपत्ति बढ्ने समस्या देखिएका छन् । सरकारको आगामी कार्यदिशा वातावरण संरक्षण र दिगो विकास हुनुपर्छ । वन संरक्षण, नदी व्यवस्थापन, फोहोर व्यवस्थापन तथा हरित ऊर्जामा लगानी बढाउनुपर्छ । विपद् व्यवस्थापन प्रणालीलाई आधुनिक र प्रभावकारी बनाउनु पनि आवश्यक छ ।

**अन्तर्राष्ट्रिय सम्बन्ध** : नेपाल दुई ठूला छिमेकी भारत र चीनबीच अवस्थित देश भएकाले सन्तुलित परराष्ट्र नीति अत्यन्त महत्वपूर्ण छ । सरकारको आगामी दिशा राष्ट्रिय हित केन्द्रित कूटनीति हुनुपर्छ । छिमेकी राष्ट्रसँग आर्थिक, व्यापारिक र पूर्वाधार सहकार्य विस्तार गर्नु आवश्यक छ । वैदेशिक रोजगारीमा रहेका नेपालीको सुरक्षा, श्रम अधिकार तथा लगानी आकर्षणमा पनि कूटनीतिक पहल आवश्यक छ । नेपाललाई अन्तर्राष्ट्रिय मञ्चमा शान्ति, बुद्ध दर्शन र हिमाली राष्ट्रका रूपमा स्थापित गर्ने रणनीति अपनाउनुपर्छ ।

**सूचना प्रविधि र डिजिटल नेपाल** : विश्व डिजिटल युगमा प्रवेश गरिसकेको छ । नेपालले पनि सूचना प्रविधिलाई विकासको मुख्य आधार बनाउनुपर्ने आवश्यकता छ । सरकारको आगामी कार्यदिशा डिजिटल नेपाल अभियानलाई प्रभावकारी बनाउने हुनुपर्छ । यसमा ई-गभर्नेन्स, डिजिटल भुक्तानी, अनलाइन शिक्षा, साइबर सुरक्षा तथा आईटी उद्योग विकासमा लगानी बढाउनुपर्छ । नेपालका युवामा सूचना प्रविधिको ठूलो सम्भावना भएकाले सरकारले स्टार्टअप र नवप्रवर्तनलाई प्रोत्साहन गर्नुपर्छ ।

**राजनीतिक स्थायित्व र जनविश्वास** : राजनीतिक अस्थिरता नेपालको विकासको प्रमुख अवरोध हो । बारम्बार सरकार परिवर्तन हुँदा नीति निरन्तरता कमजोर हुने गरेको छ । वर्तमान सरकारको आगामी दिशा राजनीतिक स्थायित्व, सहकार्य र राष्ट्रिय सहमति निर्माण हुनुपर्छ । विपक्षसँग संवाद, संसद् प्रभावकारी सञ्चालन तथा लोकतान्त्रिक संस्कारको विकास आवश्यक छ । सरकार जनताको अपेक्षाअनुसार काम गर्न सफल भए मात्र लोकतन्त्रप्रति विश्वास बलियो बन्न सक्छ ।

**निष्कर्ष** : वर्तमान सरकारको आगामी कार्यदिशा केवल घोषणापत्रमा सीमित हुनुहुँदैन, व्यवहारमा परिणाम दिने खालको हुनुपर्छ । सुशासन, आर्थिक सुधार, रोजगार सिर्जना, शिक्षा-स्वास्थ्य सुधार, पूर्वाधार विकास, पर्यटन प्रवर्द्धन, वातावरण संरक्षण र संघीयता कार्यान्वयनलाई प्राथमिकतामा राखेर काम गर्न सके नेपाल समृद्धिको दिशामा अघि बढ्न सक्छ । आज नेपाली जनता भाषणभन्दा परिणाम चाहन्छन् । जनताले स्थिरता, पारदर्शिता, रोजगारी, विकास र न्यायको अपेक्षा गरेका छन् । त्यसैले सरकारले कार्यान्वयन क्षमता देखाउनुपर्छ । यदि वर्तमान सरकारले दूरदर्शी नीति, दृढ इच्छाशक्ति र प्रभावकारी कार्यान्वयनमार्फत् जनविश्वास जित्न सक्यो भने नेपालको आर्थिक तथा सामाजिक रूपान्तरण सम्भव छ । अन्यथा राजनीतिक अस्थिरता, बेरोजगारी, भ्रष्टाचार र निराशा अझ गहिरिँदै जाने खतरा रहनेछ । अन्ततः सरकारको सफलता उसले बनाएका योजनाले होइन, जनताको जीवनमा ल्याएको सकारात्मक परिवर्तनले मापन गरिनेछ ।

समाचारपत्रबाट

# नेप्से परिसूचक
# ९ दशमलव २४ अङ्कले घट्यो



काठमाडौँ । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक मंगलबार नौ अङ्कले ओरालो लागेको छ ।

नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक नौ दशमलव २४ अङ्कले ओरालो लागेर दुई हजार ७७७ दशमलव १० मा सीमित भएको छ ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक एक दशमलव ४५ अङ्कले ओरालो लागेर ४७४ दशमलव २९ मा सीमित भएको छ ।

कारोबार भएकामध्ये ६९ कम्पनीको शेयर मूल्य बढेको छ भने १९० कम्पनीको भने घटेको छ । यस्तै, ११ कम्पनीको शेयर मूल्यमा भने कुनै परिवर्तन भएको छैन । कुल तीन सय ४० कम्पनीको एक करोड १८ लाख ७२ हजार ५०७ कित्ता शेयर रु चार अर्ब ८५ करोड ४४ लाख ४४ हजार १७० मूल्यमा खरिद बिक्री भएको छ ।

नेप्सेका अनुसार, आँखु खोला जलविद्युत् कम्पनी, रिडी पावर कम्पनी, साहस ऊर्जा, इ्यादी ग्रुप पावर र अपि पावर कम्पनी कारोबारका आधारमा शीर्ष स्थानमा छ । दिनभरको कारोबारमा कालिञ्चोक हाइड्रोपावर, कुथेली बुखरी स्मल हाइड्रोपावर, त्रिशूली जलविद्युत् कम्पनी, सिर्जनशील लघुवित्त वित्तीय संस्था, नेपाल रिपब्लिक मिडियाका शेयरधनीले कमाएका छन् ।

यसैगरी, सुपर खुदी हाइड्रोपावर, ग्रिन डेभलपमेन्ट बैङ्क, आत्मनिर्भर लघुवित्त, एनआइसी एसिया बैङ्क, सालपा विकास बैङ्कका लगानीकर्ताले भने गुमाएका छन् ।

# गर्मीमा नरिवल पानी पिउनुका फाइदाहरू

गर्मी मौसम सुरु भएसँगै तापक्रम तीव्र रूपमा बढ्न थालेको छ । यस्तो अवस्थामा शरीरलाई शीतल र हाइड्रेटेड राख्नु एउटा चुनौतीका रूपमा देखिन्छ ।

गर्मीमा सही खानपान र विशेषगरी सही पेय पदार्थको छनोट निकै महत्त्वपूर्ण हुन्छ । प्राकृतिक पेयहरूमध्ये नरिवल पानीलाई सबैभन्दा उत्तम मानिन्छ; किनकि यसले शरीरलाई तुरुन्तै ताजा बनाउनुका साथै आवश्यक पोषक तत्त्वहरू पनि प्रदान गर्दछ ।



गर्मीमा धेरै पसिना आउँदा हुने थकान, चक्कर लाग्ने वा कमजोरी जस्ता समस्याहरूबाट बच्न यो निकै उपयोगी साबित हुन्छ । यसले शरीरको तापक्रम सन्तुलित राख्न मद्दत गर्छ, जसले गर्दा 'लु' लाग्ने जोखिम कम हुन्छ ।

त्यसैले गर्मीका दिनहरूमा यसको नियमित सेवनलाई एक राम्रो स्वास्थ्य बानीका रूपमा लिइन्छ ।

पोषणविद् डा. अरुणा उप्रेतीका अनुसार, गर्मीमा पसिना धेरै आउने भएकाले शरीरमा पानीको कमी हुन्छ, नरिवल पानीले प्राकृतिक रूपमा हाइड्रेशन कायम राख्न मद्दत गर्छ ।

**१. इलेक्ट्रोलाइट सन्तुलन कायम राख्छ**

यसमा पोटासियम, सोडियम र म्याग्नेसियम जस्ता खनिज तत्त्वहरू हुन्छन्, जसले शरीरको इलेक्ट्रोलाइट सन्तुलन मिलाउन सघाउँछ ।

**२. पाचन प्रणाली सुधार गर्छ**

नियमित नरिवल पानीको सेवनले अपच र कब्जियत जस्ता समस्या कम गर्न सहयोग गर्छ । यसमा पाइने इन्जाइमहरूले खाना सजिलै पचाउन मद्दत गर्छन्, जसले गर्दा ग्यास्ट्रिकको समस्यामा पनि राहत मिल्छ ।

**३. छालालाई स्वस्थ र चम्किलो बनाउँछ**

नरिवल पानीमा रहेका एन्टिअक्सिडेन्टले छालालाईडिहाइड्रेशनबाट बचाउँछ र प्राकृतिक चमक ल्याउन मद्दत गर्दछ ।

**४. थकान र कमजोरी कम गर्छ**

गर्मीका कारण हुने थकान मेटाउन यसले प्राकृतिक ऊर्जा पेय (इनर्जी ड्रिंक) झैँ काम गर्छ ।

**५. मुटुको स्वास्थ्यका लागि लाभदायक**

यसले रक्तचाप नियन्त्रणमा सहयोग पुऱ्याउन सक्छ, जसले मुटुको स्वास्थ्यलाई राम्रो बनाउँछ ।

स्वास्थ्य खबरबाट

# चार दिनको एमाले बैठकमा के–के भयो ?

## बैठकले पार्टी पुनर्गठनको सुझाव प्रतिवेदन तयार पार्नेगरी कार्यदल गठनसहितका निर्णयहरू गरेको छ।

**लुम्बिनी संवाददाता**

*बुटवल*

चार दिनसम्म लम्बिएको नेकपा एमाले सचिवालय बैठकले पार्टी पुनर्गठनको सुझाव प्रतिवेदन तयार पार्नेगरी कार्यदल गठनसहितका निर्णयहरू गरेको छ। आइतबार झण्डै ९ घण्टा चलेर राति ९ बजेतिर सम्पन्न बैठकले निर्वाचन नतिजाको समीक्षा एवं पार्टी पुनर्गठनको सुझाव प्रतिवेदन तयार पार्नेगरी कार्यदल गठनसहितका निर्णयहरू गरेको छ।

यद्यपि पार्टी पुनर्गठन कार्यदलको प्रस्तावप्रति भने अध्यक्ष केपी ओलीले असहमति राखेका थिए। तर ओलीको असहमतिका बाबजुद कार्यदल गठन भएरै छाडेको छ।

उपमहासचिव योगेश भट्टराईले दिएको जानकारी अनुसार, सुझाव कार्यदल गठन, असार दोस्रो साता केन्द्रीय कमिटी बैठक आह्वान, सरकारका केही निर्णयहरूप्रति आपत्ति र पार्टीको संगठनात्मक काम व्यवस्थित गर्नेगरी नेताहरूको जिम्मेवारीबारे निर्णय भएको छ।

यस्तै कलंकीमा पार्टी कार्यालय भवन बनाइदिने भाटभटेनीका मालिक मीनबहादुर गुरुङको प्रस्ताव फिर्ता गर्ने र नेताहरूको कार्यविभाजन संशोधन सहित टुंग्याउने निर्णय पनि भएको छ।

चौथो दिनसम्म पदाधिकारीले बोल्दा पनि केही बाहेक सबैले यथास्थितिमा पार्टी चल्न नसक्ने राय दिएका थिए।

पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको पार्टी सदस्यता नवीकरण गर्ने निर्णय गरेर सुरु भएको यो सचिवालय बैठकलाई एमाले पंक्ति र राष्ट्रिय राजनीतिक वृत्तमा चासोका साथ हेरिएको थियो। २१ फागुनको निर्वाचनमा एमाले नराम्रोसँग पराजित भएपछि पहिलोपटक समीक्षा गर्नेगरी बैठक बसेको थियो।

चार दिन चलेको बैठकमा ओलीलाई विगत लामो समयदेखि साथ दिँदै आएका नेताहरूले ओलीको नेतृत्वबाट अब पार्टी चल्न नसक्ने निचोड सहित पुनर्गठनको पक्षमा मत राखेका थिए। बैठकमा पाँच उपाध्यक्षमध्ये रामबहादुर थापा र सचिव महेश बस्नेतले खुलेर ओलीको बचाउ गरेका थिए भने उपमहासचिव लेखराज भट्टले मध्यमार्गी मत राखेका थिए।

एमाले नेतृत्वमा आएपछि पहिलोपटक पदाधिकारीहरूबिच अल्पमतमा परेका ओलीले बैठकको पहिलो दिनबाटै नेतृत्व नछोड्ने अडान लिएका थिए। शनिबारसम्म पनि ओलीले नेतृत्व परिवर्तन भनेर समय खर्च नगर्न पदाधिकारीहरूसँग भनिरहेका थिए।

उपाध्यक्ष पृथ्वीसुब्बा गुरुङले बैठकको दोस्रो दिन नै ओलीको चेतावनीलाई चुनौती दिएका थिए। अरू पदाधिकारीले गुरुङले जसरी नभने पनि पार्टी पुनर्गठनबारे आफ्नो मत राखेका थिए। सचिव खगराज अधिकारीले नेतृत्व असफल भएको निष्कर्ष राखेका थिए।

'तपाईंकै नेतृत्वमा एमाले सगरमाथाको उचाइमा पुग्यो। अहिले कचनाकबल झरेको छ' अधिकारीले भनेका थिए। शेरधन राईले पुनर्गठन कार्यदलको आवश्यकताबारे व्याख्या नै गरेका थिए।

चौथो दिन बैठकमा उठेका प्रश्नको जवाफ दिने क्रममा ओली नरम बनेका थिए। 'अन्तिम दिन भने अचम्मगरी नरम बोल्नुभयो' - एक पदाधिकारीले भने-'एकता, एकता, एकता युनिटी, युनिटी, फेरि युनिटी भनिरहनुभयो। कारबाहीको भाषा बोल्नु भएन।'

यद्यपि पार्टी पुनर्गठन कार्यदलको प्रस्तावप्रति भने ओलीले असहमति राखेका थिए।

मूल नेतृत्वबारे बहस, मतभेद र सुझाव संकलन नहुने सर्तमा मात्र कार्यदल बन्न सक्ने अडान लिएका थिए। 'पार्टीका तमाम विषयमा छलफल गरौं। तर मूल नेतृत्वमा के समस्या छ ? यो विषय नराखौं,' ओलीको अडान थियो, 'नेतृत्वलाई विवादमा ल्याउनु हुँदैन। अरू विषयमा अध्ययन गरोस्।'

एक नेताका अनुसार यही विषयमा धेरै समय खर्च भयो। 'नेतृत्वसहित जहाँ जसको कमजोरी हो, त्यो अध्ययनको विषय बनाउनुपर्छ भनेर मत राख्नेहरू धेरै जना भइयो' बैठकमा सहभागी ती नेता भन्छन्।

अन्ततः झण्डै दुई तिहाई पदाधिकारी विपक्षमा उभिएपछि ओली अडानबाट पछि हट्न बाध्य भए। रामबहादुर थापाकै नेतृत्वमा १५ सदस्यीय कार्यदल गठन भयो। यो कार्यदललाई नेतृत्वसहित समग्र संगठनात्मक जीवनमा आएको समस्याबारे अध्ययन गरेर एक महिनामा प्रतिवेदन बुझाउने कार्यादेश छ। 'अब एमाले यही कार्यदलको प्रतिवेदन सुझावका आधारमा अगाडि बढ्छ,' एक जना सचिवले भने- 'एक महिनापछि तयार हुने प्रतिवेदनमाथि सचिवालय बैठकमा छलफल हुन्छ, र सचिवालयको प्रस्ताव अनुसार केन्द्रीय कमिटीले निर्णय गर्छ।'

कार्यदलमा ओलीलाई साथ दिने नेताहरू अल्पमतमा छन्। संयोजक थापा र सचिव महेश बस्नेत बाहेक ओलीलाई साथ दिन सक्ने सम्भावना भएका नेता उपमहासचिव लेखराज भट्ट मात्र हुन्। बाँकी उपाध्यक्षहरू विष्णुप्रसाद पौडेल, पृथ्वीसुब्बा गुरुङ, महासचिव शंकर पोखरेल सहित सदस्यहरू नेतृत्व पुनर्गठनको पक्षमा खुलेका छन्।

संभवतः यही तथ्य बुझेरै ओलीले कार्यदल गठनको विपक्षमा अडान लिएका थिए। कार्यदल बनाउँदा पनि तल्ला कमिटीहरूको समस्या, बाह्य शक्तिको हस्तक्षेप जस्ता नतिजा आउन् भन्ने चाहना ओलीले राखेका थिए।

तर अल्पमतमा परेका ओलीको चाहना विपरीत सचिवालयबाट निर्णय भएको छ। यद्यपि एमालेभित्र ठूलै पंक्ति ओलीले यही सचिवालय बैठकबाट राजीनामा दिउन् भन्ने चाहन्थे। यस्तो मत राख्नेमा पदाधिकारीहरूसहितका नेता-कार्यकर्ता थिए।

जबकि राजीनामा ओलीको विवेकमा भर पर्ने कुरा थियो। चुनावी नतिजा र पार्टी संकटको नैतिक जिम्मेवारी लिएर ओलीले राजीनामा दिन सक्थे। एमालेमा यस्तो नजीर ०६४ सालको निर्वाचनमा पराजित भएपछि माधवकुमार नेपालले राजीनामा दिएर राखेका थिए। तर यस्तो अपेक्षाविपरीत ओलीले 'छोड्दै नछोड्ने' अडान लिए।

नेतृत्व पुनर्गठनको अर्को विकल्पमा ओलीमाथि अनुशासनको कारबाहीबारे पनि केही नेताहरूबीच छलफल भएको स्रोत बताउँछ। 'यो विकल्पले पार्टीमा थप क्षति पुग्न सक्छ। संकटको समाधान निषेधले गर्दैन।'-अर्का एक नेताले भने।उनका अनुसार नेतृत्व पुनर्गठनको तेस्रो विकल्प भनेको प्रक्रियामा गएर वातावरण बनाउने हो। 'महाधिवेशन प्रतिनिधि परिषद् अथवा महाधिवेशनले नेतृत्व परिवर्तन गर्न सक्छ। यो अन्तिम विकल्प हो।'- उनी भन्छन्। अर्थात् एमालेका बहुसंख्यक पदाधिकारीहरू पुनगर्ठनको प्रक्रियालाई कार्यदलमार्फत् अगाडि बढाउने रणनीतिमा लागेको बुझ्न सकिन्छ।

**सरकारको खर्च पार्टीले तिरेकोमा ओली अनुत्तरित**

गैरकानुनी रुपमा राज्य कोषबाट गरिएको भीभीआईको उपचार खर्च पार्टीको कोषबाट फिर्ता गरिएकोबारे उठेको प्रश्नलाई नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले बेवास्ता गरेका छन्।

कार्यकर्ता पंक्तिले सामाजिक सञ्जाल र अनौपचारिक आग्रह मार्फत कार्यकर्ताको लेवीबाट उठेको पैसा नेतृत्वले गरेको गल्ती छोप्न खर्च गर्न नहुने भनेर आपत्ति जनाएका थिए।

'हिजो ठूलाबढाले गरेको करोडौं अनियमित खर्च पार्टी कोषबाट तिर्ने हो कि जिन्दगीभर पार्टी काम गर्दागर्दै खानै समस्या परेका पार्टी कार्यकर्तालाई पनि थोरै हेर्ने हो ?'- एमालेका पुराना नेता उदयराज पाण्डेले लेखेका छन्।

अर्का नेता अरविन्द सिंहको यस्तै आक्रोश थियो। 'लाखौंलाख पार्टी सदस्यहरूको लेबी आफ्नो कर्तुत लुकाउन सिध्याइयो,' उनले फेसबुकमा लेखेका छन्- 'पद, पैसा र अवसरको लोभमा कार्यकर्ता पंक्तिलाई दास र लास बनायो।'

यस्ता आक्रोशहरूलाई सुनेका उपाध्यक्ष गोकर्ण विष्टले पार्टीको सचिवालय बैठकमै उपचार खर्च पार्टी कोषबाट फिर्ता गरिएकोबारे जिज्ञासा राखेका थिए।

'कार्यकर्ताहरूको लेबीबाट उठेको कोषबाट पैसा सरकारलाई फिर्ता गरियो भनेर मिडियाहरूमा समाचार आएको छ,' विष्टले अध्यक्ष ओलीलाई सोधेका थिए, 'भएको के हो ? यस्तो गर्न मिल्छ कि मिल्दैन ?'

बैठकमा सहभागी एक नेताका अनुसार, चार दिनसम्म चलेर आइतबार राति सकिएको सचिवालय बैठकमा ओलीले यसबारे कुनै जवाफ दिएनन्। 'गोकर्ण बिष्टले राखेको प्रश्नमा अरु पदाधिकारीहरूको पनि समर्थन देखिन्थ्यो। यसको जवाफ चाहिन्छ भनिएको थियो, तर ओलीले यसतर्फ कुनै जवाफ नदिई बैठक सकियो।'-ती नेताले भने।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गैरकानुनी रुपमा राज्य कोषबाट विदेशमा भएको उपचार खर्च बेहोर्ने निर्णयमाथि छानबिन थालेपछि एमालेले पार्टी कोषबाट उक्त खर्च फिर्ता गरेको थियो।

पूर्वराष्ट्रपति रामवरण यादव, पूर्वप्रधानमन्त्रीहरू केपी शर्मा ओली र झलनाथ खनाललाई विदेशमा उपचार गराउँदा लागेको ३ करोड ८५ लाख ९९ हजार ८६९ रुपैयाँ एमालेले आफ्नो पार्टी कोषबाट फिर्ता गरेको छ।

**सरकार स्वेच्छाचारी र अधिनायकवादी : पोखरेल**

नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले रास्वपा नेतृत्वको सरकार लोकतान्त्रिक मूल्य-मान्यता विपरीत स्वेच्छाचारी र अधिनायकवादी बाटोतर्फ उन्मुख भएको निश्कर्ष निकालेको छ। पार्टी केन्द्रीय सचिवालयको आठौं बैठकपछि महासचिव शंकर पोखरेलले लामो स्टाटस लेख्दै सरकारले संसद, न्यायपालिका, प्रशासन, व्यवसायिक क्षेत्र र नागरिक स्वतन्त्रतामाथि निरन्तर हस्तक्षेप गरिरहेको उल्लेख गरिएको छ।

एमालेले सरकार गठनलगत्तै पार्टी अध्यक्ष तथा पूर्वप्रधानमन्त्रीमाथि "प्रतिशोधपूर्ण, पूर्वाग्रही र गैरन्यायिक व्यवहार" गरिएको दाबी गरेको छ। कुनै अभियोगबिनै १३ दिनसम्म हिरासतमा राखिएको र प्रमाण जुटाउन नसकेपछि हाजिरी जमानीमा रिहा गरिएको उल्लेख गर्दै एमालेले सरकारको षड्यन्त्र अझै जारी रहेको आरोप लगाएको छ।

बैठकले प्रतिनिधिसभामा झण्डै दुईतिहाइको समर्थन रहेको सरकारले संसदलाई छलेर शासन सञ्चालन गरिरहेको निष्कर्ष निकालेको छ। आफ्नै प्रस्तावमा बोलाइएको संसद बैठक स्थगित गरी अध्यादेशमार्फत् शासन सञ्चालन गरिएको, विद्यार्थी युनियन तथा पेशागत संघ-संगठनमाथि प्रतिबन्ध लगाइएको र पेशाकर्मीहरूलाई आतंकित बनाउने काम भइरहेको एमालेको आरोप छ।

त्यसैगरी सुकुम्वासी तथा अव्यवस्थित बसोवासीलाई पहिचान र पुनर्स्थापनाको योजना बिना अमानवीय ढङ्गले विस्थापित गरिएको उल्लेख गर्दै एमालेले अस्थायी शिविरमा राखिएका नागरिकको अवस्था दयनीय बनेको जनाएको छ। सरकारको कमजोरी ढाकछोप गर्न शिविरमा आफन्तलाई समेत भेटघाट गर्न रोक लगाइएको दाबी गरिएको छ।

एमालेले अध्यादेशमार्फत शैक्षिक तथा प्रशासनिक क्षेत्रलाई अस्थिर बनाइएको, निष्पक्षताको नाममा व्यापक "पजनी" सुरु गरिएको तथा उद्योगी-व्यवसायीलाई अनुसन्धानका नाममा नियन्त्रणमा लिएर रहस्यमय ढङ्गले छाड्ने गतिविधिबाट व्यावसायिक वातावरण विथोलिएको जनाएको छ।

बैठकले महँगी, निर्माण सामग्रीको मूल्यवृद्धि र भन्सार नाकामा गरिएको "अव्यावहारिक कडाइ" प्रति पनि सरकारको आलोचना गरेको छ। भारतबाट घरायसी प्रयोजनका लागि सामान ल्याउने नेपाली नागरिकमाथि अशिष्ट व्यवहार गरिएको एमालेको भनाइ छ।

न्यायपालिका सम्बन्धी विषयमा एमालेले प्रधानन्यायाधीश नियुक्तिको सिफारिसमा वरिष्ठता मिचिएको, वरिष्ठ न्यायाधीशलाई राजीनामा दिन दबाब दिइएको तथा शक्तिसन्तुलनको सिद्धान्त कमजोर पारिएको आरोप लगाएको छ।

त्यस्तै संसदको चालु अधिवेशनमा प्रधानमन्त्रीले राष्ट्रप्रमुखको अपमान गरेको, संसदीय मर्यादा उल्लंघन गरेको तथा संसद र संसदीय समितिप्रति गैरजिम्मेवार व्यवहार देखाएको आरोप पनि एमालेले लगाएको छ।

"सरकारका यस्ता गतिविधिका कारण छोटो अवधिमै जनतामा असन्तुष्टि र निराशा बढेको छ," महासचिव शंकर पोखरेलद्वारा जारी निष्कर्षमा भनिएको छ, "निर्वाचनका समयमा गरिएका वाचा पूरा गर्नुको सट्टा सरकार लोकतन्त्रको बाटोबाट विचलित हुँदै स्वेच्छाचारिता र अधिनायकवादतर्फ उन्मुख भइरहेको छ।"

एमालेले सरकारका गतिविधिविरुद्ध आवश्यकता अनुसार सदन र सडक दुवैमा विरोध तथा भण्डाफोर अभियान सञ्चालन गर्ने चेतावनी दिएको छ। साथै अभियानलाई प्रभावकारी बनाउन लोकतान्त्रिक शक्तिहरूसँग सहकार्य गरिने पनि जनाएको छ।

# बुटवल उद्योग वाणिज्य संघको टोली संस्थागत अनुभव आदान-प्रदान गर्न अध्ययन भ्रमणमा




बुटवल। बुटवल उद्योग वाणिज्य संघ, रुपन्देहीको टोली पूर्वका विभिन्न उद्योग वाणिज्य संघहरूको संस्थागत भ्रमणमा निस्किएको छ। नेपाल उद्योग वाणिज्य महासंघको संस्थापक सदस्यसमेत रहेको संघले ६ दिने भ्रमणमार्फत् पूर्वका संघहरूको असल अभ्यास, कार्यक्रम तथा उद्योग-व्यवसाय क्षेत्रका अनुभव आदानप्रदान गर्ने जनाएको छ।

संघका अध्यक्ष हरिप्रसाद अर्यालका अनुसार भ्रमणका क्रममा विभिन्न उद्योग वाणिज्य संघसँग अन्तरक्रिया गर्नुका साथै उद्योगी-व्यवसायीहरूले भोगिरहेका समस्या र समाधानका उपायबारे छलफल गरिनेछ। साथै औद्योगिक क्षेत्र, कृषि फार्म तथा कृषि पकेट क्षेत्रहरूको स्थलगत अवलोकनसमेत गरिने कार्यक्रम रहेको छ।

अध्यक्ष अर्यालले अध्ययन भ्रमणबाट पूर्वका सफल अभ्यासलाई रुपन्देही क्षेत्रमा अनुशरण गर्न सहयोग पुग्ने तथा नयाँ लगानीका सम्भावित क्षेत्र पहिचान गर्न समेत मद्दत मिल्ने विश्वास व्यक्त गरे।

नेपाल उद्योग वाणिज्य महासंघका कार्यकारिणी समिति सदस्यसमेत रहेका अर्यालको नेतृत्वमा रहेको भ्रमण टोलीमा वरिष्ठ उपाध्यक्ष टंकप्रसाद गैरे, उद्योग उपाध्यक्ष सुरज भट्टराई, वाणिज्य उपाध्यक्ष विमलराज भट्टराई, महासचिव मुक्तिप्रसाद अधिकारी, कोषाध्यक्ष बसन्तप्रसाद ढकाल, कार्यसमिति सदस्यहरु नरिश्वर शर्मा पौडेल, निर्मित कसजु, दिपक चापागाईं, काशिराम पौडेल, जमुना पौडेल, रेनु श्रेष्ठ, सुनिता शर्मा घिमिरे, विष्णु (कमला) घिमिरे, बालकृष्ण पौडेल, दिपक घिमिरे, लक्ष्मण ज्ञवाली तथा सचिवालयबाट कार्यकारी निर्देशक मदनकुमार कार्की र वरिष्ठ कार्यालय सहायक लेखनाथ ज्ञवालीसहित सहभागी छन्।

भ्रमण टोलीले चितवन, मकवानपुर, वीरगञ्ज, जनकपुर, लाहान, सप्तरी, धरान, विराटनगर, दमक, बिर्तामोड, भद्रपुर, इटहरी, उदयपुर, सिन्धुलीलगायत १६ वटा उद्योग वाणिज्य संघसँग भेटघाट तथा अन्तरक्रिया गर्ने कार्यक्रम रहेको संघले जनाएको छ।

**संघको कार्यवाहक अध्यक्षका पोखरेल**

संघको टोली संस्थागत अध्ययन भ्रमणमा निस्किएपछि संघमा कार्यवाहक अध्यक्षको जिम्मेवारी सचिव प्रतिक पोखरेललाई प्रदान गरिएको छ। संघको भ्रमण टोली नफर्किँदासम्म सचिव पोखरेलले कार्यवाहक अध्यक्षको भूमिका निर्वाह गर्नेछन्।

# बुटवलमा एडभान्स्ड एस्थेटिक्स र हेयर स्टाइलिङसम्बन्धी सेमिनार सम्पन्न



बुटवल। ब्युटी तथा हेयर स्टाइलिङ क्षेत्रमा भित्रिरहेका नयाँ प्रविधि र सीपबारे व्यवसायी तथा प्राविधिकलाई अद्यावधिक गराउने उद्देश्यसहित समृद्धि सलोन एन्ड एकेडेमीले एकदिने एडभान्स्ड एस्थेटिक्स तथा हेयर स्टाइलिङ सेमिनार सम्पन्न गरेको छ।

कार्यक्रममा लुम्बिनी प्रदेशका विभिन्न जिल्लासहित अन्य क्षेत्रबाट ब्युटिसियन तथा हेयर स्टाइलिस्टहरूको उल्लेख्य सहभागिता रहेको थियो। कार्यक्रममा नयाँ प्रविधि, आधुनिक उत्पादनको प्रयोग विधि तथा सही-गलत उत्पादन छुट्याउने विषयमा व्यवहारिक प्रशिक्षण दिइएको आयोजकले जनाएको छ। समृद्धि सलोन एन्ड एकेडेमीका सञ्चालक मोहन ठाकुरले ब्युटी क्षेत्रमा दैनिक नयाँ टेक्निक र उत्पादनहरू आइरहेकाले व्यवसायीलाई समयानुकूल अपडेट राख्न यस्ता कार्यक्रम आयोजना गरिएको बताए। उनले समृद्धिले "ग्रो टुगेदर" को अवधारणालाई आत्मसात गर्दै नयाँ स्किल र प्रविधि आउनेबित्तिकै तालिम तथा सेमिनार सञ्चालन गर्दै आएको उल्लेख गरे।

सेमिनारमा मुख्य रूपमा 'डाक्टर स्किन' फेसियल किटको सही प्रयोग, यसको नयाँ अपडेट तथा 'सेल्भेरा प्रो न्यानोप्लास्टिया' सम्बन्धी विशेष प्रशिक्षण प्रदान गरिएको थियो।

प्रशिक्षकहरूले बजारमा उपलब्ध अन्य उत्पादनभन्दा क्याल्भेरा प्रो न्यानोप्लास्टिया कसरी फरक छ र यसको प्रभावकारी प्रयोग कसरी गर्ने भन्ने विषयमा कुमकुम हर्बल इन्डस्ट्रिज प्रालिका चन्द्रकला छन्त्याल रानाले सहभागीलाई जानकारी गराएकी थिइन्।

कार्यक्रममा कुमकुम हर्बल इन्डस्ट्रिज प्रालिका अध्यक्ष हरि अधिकारीले कम्पनीले उत्पादन गर्दै आएका जडीबुटीयुक्त कस्मेटिक्स सामग्रीको गुणस्तर र बजार विस्तारबारे जानकारी दिए। उनका अनुसार कम्पनीले विगत १६ वर्षदेखि नेपालमा जडीबुटीमा आधारित सौन्दर्य सामग्री उत्पादन गर्दै आएको छ। हाल कम्पनीले 'डाक्टर स्किन' ब्राण्डअन्तर्गत फेसियल किट तथा कपाल उपचारका लागि प्रयोग हुने न्यानोप्लास्टिया बजारमा ल्याएको जनाएको छ। कम्पनीले आफ्नै ब्राण्डका साथै अन्य कम्पनीहरूका लागि थर्ड पार्टी म्यानुफ्याक्चरिङमार्फत् पनि सामग्री उत्पादन गर्दै आएको छ।

कुमकुम हर्बलद्वारा उत्पादित सामग्री नेपालका विभिन्न बजारसँगै मलेसिया, दुबई, सिंगापुर, कतार र क्यानाडासम्म निर्यात भइरहेको सञ्चालक दिपेश श्रेष्ठले बताए।

पूजा पन्थीको सञ्चालनमा भएको सेमिनारमा कपिलवस्तु, दाङ, बाँके, नवलपरासी, रुपन्देही, पाल्पा र स्याङ्जालगायत जिल्लाबाट सहभागी भएका ब्युटिसियन तथा हेयर स्टाइलिस्टहरूले आधुनिक प्रविधि र उत्पादनबारे व्यवहारिक ज्ञान हासिल गरेका थिए।

**लुम्बिनीको...**

८७ सदस्यीय प्रदेशसभामा पहिलो र दोस्रो कार्यकालमा गरी ५० जना मन्त्री भएका छन्। ठूलासाना सबै दलका सांसदले मन्त्री हुने अवसर पाए।

हालसम्म आरती पौडेल, सुमन शर्मा रायमाझी, पुर्मती ढेंगा, कल्पना पाण्डे, रमा घर्ती, कृष्णा केसी, भगवती अधिकारी र सीता शर्मा गरी ८ जना महिला मन्त्री बनेका छन्।

नेपाली कांग्रेसले एकजना राज्यमन्त्रीबाहेक अरू महिलालाई अवसर दिएको छैन। यस्तै नेकपा एमालेले आरती पौडेल र सीता शर्मालाई मन्त्री बनाएको थियो। नेकपा एकीकृत समाजवादीले दुईजना महिला मन्त्री बनाएको छ।

चेतनारायण आचार्य मुख्यमन्त्री भएको सरकारमा एमालेबाट सीता शर्मा मन्त्री छन्। यस हिसाबले लुम्बिनी प्रदेश सरकारमा १६ प्रतिशत मात्रै महिला सहभागिता छ।

प्रदेशको मुख्यमन्त्री र मन्त्री छनोटमा केन्द्रको हस्तक्षेप हुँदै आएको छ। कांग्रेस र एमालेको पछिल्लो सत्ता गठबन्धनमा केन्द्रीय नेताहरूको निर्देशनअनुसार सरकार गठन भएको छ। केन्द्रले हुकुमी शासन चलाएको भन्दै कांग्रेस र एमाले दुवै दलमा असन्तुष्टि छ।

एमाले संसदीय दलका नेता लीला गिरीले उपनेता आचार्यलाई केन्द्रको निर्देशनअनुसार मुख्यमन्त्री बनाएपछि असन्तुष्ट हुँदै राजीनामा दिएका थिए। मुख्यमन्त्रीका लागि सम्पूर्ण तयारी गरेका गिरीका नाममा एकाएक टिपेक्स लगार रोकिएको थियो।

साढे ६ वर्ष अवधिमा प्रदेश प्रमुख तीन पटक परिवर्तन भएका छन्। उमाकान्त झा प्रदेशका पहिलो प्रमुख हुन्। त्यसपछि प्रदेश प्रमुखको जिम्मेवारी धर्मनाथ यादवले सम्हालेका थिए। हाल प्रदेश प्रमुखमा अमिक शेरचन छन्।

हालसम्मका प्रदेश मन्त्रीहरूमा बैजनाथ चौधरी(थारु),लीला गिरी,कुलप्रसाद केसी, सुदर्शन बराल, आरती पौडेल, सन्तोषकुमार पाण्डेय, विजयबहादुर यादव, कल्पना पाण्डेय, हरि रिजाल, विजयबहादुर यादव, भोजप्रसाद श्रेष्ठ, धर्मबहादुर लाल श्रीवास्तव, कृष्णध्वज खड्का, सहसराम यादव, अजय शाही, सुमन शर्मा रायमाझी, पुर्मती ढेंगा, तिलकराम शर्मा, इन्द्रजित थारु, वीरबहादुर राना, सुरेन्द्रबहादुर हमाल, रमा घर्ती, वसिउद्दिन खाँ, जानकीप्रसाद यादव, चेतनारायण आचार्य, दुर्गाप्रसाद चौधरी, चन्द्रकेश गुप्ता, विष्णुप्रसाद पन्थी, तुलसीराम शर्मा, डिल्लीबहादुर चौधरी, राजु खनाल, कृष्णा केसी, धर्मबहादुर चौधरी, दीपेन्द्रकुमार पुन मगर, भगवती अधिकारी, जोखबहादुर महरा, भण्डारी लाल अहिर, अर्जुनकुमार केसी, रत्नबहादुर खत्री, खड्ग बस्नेत, रिना नेपाल विश्वकर्मा (राज्यमन्त्री), बादशाह कुर्मी, भूमिश्वर ढकाल, दिनेश पन्थी, धनेन्द्र कार्की, जन्मजय तिमिल्सेना, सरोज थापा, प्रचण्डविक्रम न्यौपाने, खेमबहादुर सारु र सीता शर्मा रहेका छन्।

**सुकुम्वासी...**

साथै, दलित, आदिवासी, महिला तथा अन्य सीमान्तकृत समुदायमाथि संरचनात्मक विभेद झन् गहिरिएको उल्लेख गरिएको छ।

मानवअधिकारकर्मीहरूले सरकारसँग निष्कासन कार्य तत्काल रोक्न, पुनर्वासको स्पष्ट योजना सार्वजनिक गर्न, होल्डिङ सेन्टरहरूमा आधारभूत सेवा सुनिश्चित गर्न, घटनाको स्वतन्त्र अनुसन्धान गर्न तथा पीडितहरूलाई क्षतिपूर्ति दिन माग गरेका छन्।

साथै, पर्याप्त आवासको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय विशेष प्रतिवेदकलाई नेपाल भ्रमणका लागि निमन्त्रणा दिन पनि आग्रह गरिएको छ। अपिलकर्ताहरूमा आवालय नेपाल,जवाफदेहिता निगरानी समि, एड्भोकेसी फोरम नेपाल,एम्नेस्टी इन्टरनेसनल नेपाल,सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (सियसआरसी),महिलावादी दलित संगठन (फेडो), अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक),न्याय तथा अधिकार संस्था नेपाल (जुरी नेपाल),ह्युमन राइट्स एन्ड जस्टिस सेन्टर (एचआरजेसी), राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल महिला एकता समाज, नेपाल बसोबास बस्ती संरक्षण समाज, महिला पुनर्स्थापना केन्द्र (ओरेक), अभिषेक तिवारी,आकांक्षा भण्डारी,अनुपमा पोखरेल,अरुण सिंह नेपाली,अस्मिता सापकोटा, वर्षा शाह, भगवती अधिकारी, विकास बस्नेत,बिना बुद्धाचार्य, चरण प्रसाई, दिक्पाल खत्री क्षेत्री, दीक्षा खड़ी,गोविन्द छन्त्याल, जगत देउजा,ज्यास्मिन ओझा, कविता बाहिङ, कैलाश राई,कृष्ण गौतम, कृतिका सापकोटा, कुन्दन राज शर्मा, निराजन थपलिया, माजिद अन्सारी, मरिसा टेलर, मोनिसा चौधरी, नरेश सोब,ओजस्वी भट्टराई,ओजस्वी केसी, प्रज्वल विक्रम राणा,प्रशान्त त्रिपाठी,पुष्पा न्यौपाने,राजु प्रसाद चापागाईं, राजु तामाङ, रियाव बानियाँ, ऋषि न्यौपाने, रूपा बस्नेत, सावित्री थापा, सरिता लामा, शंकेन राई, स्मिता आचार्य, सृजना पुन, सुनिता थापा, सुशान्त नेपाली र सुष्मा न्यौपाने रहेका छन्।

ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी

विशाल सेनेटरी

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्क:

तिनाउ सेनेटरी

बुटवल-१०, सुखानगर, रूपन्देही,

फोन: ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्क:

सीताराम सफा सेनेटरी

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२

# ‘व्यवसायिक क्षेत्रको पहिचान गरी लगानीको वातावरण राज्यले सिर्जना गर्नुपर्छ’

*‘संघर्ष नै जीवन रहेछ’ भन्ने बुझाइबाट खारिएर जीवनका हरेक संघर्ष पार गर्दै सफल व्यवसायीको लिस्टमा नाम बसाउन सफल व्यक्ति हुनुहुन्छ, अर्घाखाँचीको पाणिनि गाउँपालिका वडा नं. ८ पाली घर भई हाल दाङमा बसोबास गर्ने युवा व्यवसायी नवाफ अलि मिया । जिन्दगीका हरेक मोडहरुमा आइपर्ने अप्ठेरा मार्गहरुलाई सहज बनाउँदै व्यवसायिक यात्रामा सफल बन्नुभएका नवाफ जीवनमा संघर्षको क्षणलाई सम्झदा भावुक हुनुहुन्छ, अभिभावकको माया अपेक्षाकृत रुपमा पाए पनि नवाफ अलि मिया पहाडी जिल्ला अर्घाखाँचीमा जन्मिनु भएको हो । भाग्यको लेखा उहाँ सानैदेखि नै आमा बाबाको पनि व्यवसायिक यात्रा भएकोले उहाँको व्यवसायिक यात्रा बाहेक अन्य पेशाको यात्रा तय गर्न पाउनुभएन् ।*

*रोजगारीको शिलशिलामा नेपाली वैदेशिक यात्रामा हिंडिरहेको बेलामा नवाफ अलि मिया भने नेपालमै कडा मेहनत गर्दै झनै संर्घषमा होमिनु भयो। नेपालमै केही गर्नुपर्छ भन्ने सोंचकासाथ उहाँमा व्यवसाय गर्ने सोंचकासाथ सुरुमा दाङ जिल्लामा कस्मेटिक पसलसहित फेन्सी पसल खोल्नु भयो । पछि कस्मेटिक व्यवसाय गर्दै गर्दा उहाँलाई अर्को नयाँ व्यवसाय गर्न उत्प्रेरित गऱ्यो र व्यवसाय सुरु गरेको ५ वर्षपछि टिपर व्यवसायमा हात हाल्नुभयो । ट्रिपर व्यवसाय सुरु गर्नुभएका उहाँले केही वर्षमै यस क्षेत्रमा स्थापित हुनुभयो । कस्मेटिक र टिपर व्यवसायमा स्थापित नवाफ अलि मियाले विभिन्न चुनढुङ्गा खानीमा लगानीमा गरी सञ्चालन गर्नुभयो ।*

*संघर्षबाट सफल व्यवसायी नवाफ जुन व्यवसायमा हात हाले पनि निकै संघर्ष गर्नुहुन्छ । जसले गर्दा उहाँले हात हालेको व्यवसायमा सफल हुनुहुन्छ। व्यवसायी नवाफ अलि मियासँग पत्रकार अनिल नेपालीले गरेको कुराकानीः*



**नवाफ अलि मिया**
**टिपर व्यवसायी**

» ***तपाईं कुन – कुन व्यवसाय गर्नुहुन्छ ?***

मैले फेन्सीबाट सुरु गरेको व्यवसायी यात्रा टिपर व्यवसायी हुँदै चुनढुङ्गा व्यवसायीको रूपमा लगानी गर्दै आएको छु।

» ***तपाईं व्यवसायी हिसाबले अब्बल मानिनुहुन्छ, व्यवसायमा आफ्नो पहिचान कसरी बनाउनुभयो ?***

हाम्रो समुदाय व्यवसायमा खासगरी सक्रिय रहने विगतदेखिकोपरम्परा छ, त्यो पेशालाई मनन गर्दै व्यवसायलाई उत्कृष्ट बनाउन रचनात्मक, सकारात्मक तरिकाले अगाडि बढाउन फरक तरिकाले गरे, जसअनुसार म व्यवसायमा सफल भए ।

» ***व्यवसाय गर्दा के–कै चुनौतीको सामाना गनु भयो ?***

व्यवसाय गर्दा विभिन्न चुनौतीको हामीले सामाना गरेका छौं । चुनौती विना कुनै काम सफल हुँदैन, चुनौती परीक्षा हो । परीक्षामा परीक्षार्थीहरूले कति नम्बर ल्याउने भन्ने कुरा स्वयम् परिक्षार्थीहरूमा निर्भर रहन्छ ।

» ***नेपालमा लगानीको वातावरण भएन भनेर व्यवसायीहरूले लगानी गर्न छोडेका छन्, तपाईं फेरि नेपालमै लगानी गर्न ईच्छुक हुनुहुन्छ किन ?***

नेपालमा अवसर नै अवसर छन् । यहाँ केही हुँदैन, केही गर्न सकिँदैन, लगानी पाइँदैन, अवसर मिल्दैन भन्ने गलत भाष्य सिर्जना गरी नेपालमा भएको पुँजीलाई निजीकरण गर्ने परम्परा बढेको छ । अर्कोतिर लगानीकर्तालाई प्रोत्साहन गरेर वातावरण बनाउनुको सट्टा लगानीकर्तालाई विभिन्न आरोप लगाउने, लगानीकर्ताहरूलाई असुरक्षित वातावरण बनाउने परम्परा बढेको छ। यसलाई न्यूनीकरण गर्न व्यवसायिक क्षेत्रको पहिचान गरी लगानीको वातावरण राज्यले सिर्जना गर्नुपर्छ । बाह्य लगानीको वातावरण निर्माणमा पनि कानुनी र नीतिगत सुधारमा पहल गरी निजी क्षेत्रलाई लगानीको वातावरण सिर्जना गनुपर्छ। व्यवसायीको प्रमुख प्राथमिकता रोजगारी हो । व्यवसायीले कसरी धेरैभन्दा धेरै युवालाई स्वदेशमा रोजगारी दिन सकिन्छ र त्यसका लागि कस्तो जनशक्ति आवश्यक छ भन्ने तरिकाले गनुपर्छ । त्यसका लागि सरकारले लगानीको वातावरण मिलाउनुपर्छ ।

» ***राज्यले व्यवसायीलाई प्रोत्साहन गर्नुको सट्टा विभिन्न कानुनी अर्चन निकाल्न थालेको छ, यसलाई कसरी नियाल्नु भएको छ ?***

लगानीका लागि जहिल्यै पनि कानुनी स्थिरता र स्थिर सरकारको आवश्यकता हुन्छ। जुन देशको सरकार स्थिर छ, जुन देशका कानुनहरु लामो समयका लागि स्थिर छन्, जुन देशमा राजनीतिक अस्थिरता र द्वन्द्व छैन, ती देशहरुको आर्थिक विकास तीव्र हुन्छ र भएको छ। अब स्थिरताको सुरुवात भएको छ, केही गनुपर्छ भन्ने सरकार छ, सरकारले व्यवसायीका पिरमर्कालाई बुझेर काम गनुपर्छ। त्यसका लागि व्यवसायीलाई हतोत्साहित होइन, प्रोत्साहन गरी लगानीको वातावरण राज्यले सिर्जना गनुपर्छ । राज्य सबैको अभिभावक हो । अभिभावकले छोराछोरीलाई समान देख्नुपर्छ राज्यले व्यवसायीलाई बाँध्ने होइन, निकाश निकाल्ने गरी काम गनुपर्छ ।

» ***तपाईंसँग काम गर्दा सहज असहज अनुभव छ ?***

म सानैदेखि व्यवसायिक क्षेत्रमा लगानी गरी काम गरेको मान्छे १८ वर्षदेखि व्यवसायिक यात्रा सुरु गरेको हुँ, अहिले ४० वर्षको भए । यस अवधिसम्म आउँदा दाङमा व्यवसायिक रूपमा टिपर व्यवसायी हुँदा धेरै खुसि थिए, दुःखी भूमिकास्थान नगरपालिका वडा नं. ९ मा चुनढुङ्गा खोल्दा किर्ते गरी गरेको भनी विभिन्न आरोप लगाइयो । यो जीवनको सबैभन्दा दुःखको कुरा मेरा लागि ।

» ***अर्घाखाँचीमा चुनढुङ्गाको हफ क्षेत्र बनाउने गरी सरकारले नीति कार्यक्रम ल्याएको थिए, त्यो वातावरण भएन, व्यवसायिक यात्रा कसरी गर्नुहुन्छ ?***

अर्घाखाँचीमा चुनढुङ्गाको हफ बनाउने गरी सरकारले नीति कार्यक्रम ल्याएता पनि व्यवहारमा सरकारले नीति कार्यान्वयन भएन, यसले व्यवसायीलाई असहज भएको छ। जिल्लामा रहेका राजनीतिक दल, सरोकारवाला सुरक्षा निकाय, स्थानीय सरकारले सबैले व्यवसायीलाई लगानीको वातावरण बनाउन व्यवसायिक क्षेत्रको पहिचान गरी लगानीको वातावरण सिर्जना गनुपर्छ। यसमा सबै जिम्मेवार र प्रतिबद्ध हुनुपर्छ ।

» ***जिल्लामा लगानीकर्तालाई भुमाफिया दलालको सज्ञा दिईन्छ किन ?***

जिल्लामा भएका प्राकृतिक सम्पदाको संरक्षण गर्नु स्थानीय जनताको सिद्ध अधिकार हो । अधिकारसँगसँगै कर्तव्यको पालना गर्दै लगानीको वातावरण सिर्जना गनुको सट्टा व्यवसायीलाई विभिन्न आरोप लगाउनु दुःखद कुरा हो । यस्ता कुराले जिल्लामा बाह्य लगानी गर्न कोही पनि इच्छुक छैनन्, यसले जिल्लामा विकासलगायत अन्य महत्त्वपूर्ण कुरामा असर गर्छ । त्यसकारण व्यवसायीलाई लगानीको वातावरण सिर्जना गर्न सबै एकताबद्ध हुनुपर्छ ।

# नेपाली भाषामा फासियानको यात्रा विवरण




लुम्बिनी । बौद्ध संस्कृति तथा पुरातत्वको लागि महत्वपूर्ण चिनियाँ ग्रन्थ फु गो ची नेपाली भाषामा अनुवाद गरिएको छ । बौद्ध चिनियाँ तिर्थयात्री भिक्षु फासियानले १६ सय वर्षअघि बौद्ध राज्यहरुको भ्रमण गरी त्यसको यात्रा विवरण लेखेका थिए । बौद्ध पुरातत्वको क्षेत्रमा यो महत्वपूर्ण र दुर्लभ ग्रन्थ मानिन्छ।

लुम्बिनी बौद्ध विश्वविद्यालय अनुसन्धान केन्द्रले बेइजिङ लोङमिङ्ह नेटवर्क कम्पनी, चीनको सहकार्यमा पुस्तक नेपालीमा अनुवाद गरेको हो। विश्वविद्यालयका सहप्राध्यापक डा. सागर न्यौपाने र सहायक निर्देशक चुरामणि पोखरेलले अनुवाद गरेको बौद्ध राज्यहरुको अभिलेख नामक पुस्तक सोमबार लुम्बिनीमा एक कार्यक्रमको आयोजना गरी विमोचन गरिएको छ।

तिर्थयात्री फासियानको यात्रा विवरण लेखिएको अभिलेखकै आधारमा बुद्ध जन्मस्थल लुम्बिनी, शाक्यहरुको राजधानी तिलौराकोट, अस्तुधातु राखिएको स्थान रामग्रामका साथै भारतमा रहेका बौद्ध स्थलहरुको पुरातात्विक पहिचान भएको छ। अभिलेख फ्रेन्च, अग्रेजी र हिन्दी भाषामा अनुवाद गरिएको थियो । चिनियाँ लिपिबाट पहिलो पटक नेपालीमा अनुवाद गरिएको अनुवादक न्यौपानेले जानकारी दिए । ‘हामीले चीनको सिन, चिन, मिङ र छिङ वंशकालमा प्रकाशित चिनियाँ लिपिकै आधारमा अनुवाद गरेका छौं ।’- उनले भने।

पुस्तक विमोचन गर्दै लुम्बिनी बौद्ध विश्वविद्यालयका उपकुलपति डा. माणिकरत्न शाक्यले बौद्ध इतिहासमा फासियान र ह्वेनसाङ्गको दस्ताबेजसहितको यात्राविवरण महत्वपूर्ण रहेको बताए। बौद्ध राज्यहरुको अभिलेख पुस्तकले अध्ययन अनुसन्धानमा संलग्न नेपाली अनुसन्धानकर्ताहरुलाई सहज हुने उनले जनाए।

फासियानले पुस्तकमा तत्कालिन बौद्ध राज्यहरुको सांस्कृतिक तथा आर्थिक अवस्थाका साथै बौद्ध स्थलहरुको विषयमा परिचर्चा गरेकाले नेपाली भाषामा अनुवाद हुनु महत्वपूर्ण कार्य रहेको उनले बताए।

सिल्करोड सांस्कृतिक कार्य कमिटी एवं चीन संस्कृति प्रवर्द्धन सोसाइटीका निर्देशक साङ्ची चसीले फासियानको पुस्तकले शब्दहरू मात्र होइन, सभ्यताको सम्झना र मित्रताको निरन्तरता पनि बोकेको बताइन्।

सियानदेखि जुआनजाङसम्म, प्राचीन सिल्क रोडदेखि आजको बेल्ट एण्ड रोड इनिसिएटिभसम्म, चीन र नेपालले सांस्कृतिक आदानप्रदानमार्फत् सधैं एकअर्कालाई उज्यालो पारेको भन्दै उनले लङमिङ्ह नेटवर्क टेक्नोलोजी कम्पनी लिमिटेडले यस अनुवादको प्रकाशनलाई सुरुवात बिन्दुको रूपमा प्रयोग गरेकोमा धन्यावाद दिए। त्यस्तै लङमिङ्गह नेटवर्क कम्पनीका निर्देशक जु युले लुम्बिनी बौद्ध विश्वविद्यालयसँग थप चिनियाँ र नेपाली सांस्कृतिक क्लासिकहरूको पारस्परिक अनुवाद र प्रसारलाई प्रवर्द्धन गर्न काम जारी राख्ने आशा राखिन्।

कार्यक्रममा लुम्बिनी बौद्ध विश्वविद्यालयका रजिष्ट्रार इन्द्रप्रसाद काफ्लेले बौद्ध संस्कृतिको पहिचान, अध्ययन अनुसन्धानमा यो पुस्तक महत्वपूर्ण हुने बताए । विश्वविद्यालयले निरन्तर रुपमा यस्ता महत्वपूर्ण ग्रन्थहरुको अनुवाद गर्दै जाने जनाए।

लुम्बिनी अनुसन्धान केन्द्रका निर्देशक प्रा.डा. गितु गिरीले फासियानको यात्रा विवरण बौद्ध इतिहासकै महत्वपूर्ण दस्ताबेज भएको बताए।

सोही अवसरमा लुम्बिनी बौद्ध विश्वविद्यालयमा ४० लाख रकमको फासियान तथा ह्वेनसाङ अनुसन्धान कोष स्थापना गरिएको छ । चिनियाँ दाताहरुको सहयोगमा यो कोष स्थापना गरिएको हो। सो कोषको रकम विश्वविद्यालयको योजना अनुसार अनुसन्धान कार्यमा खर्च गरिनेछ।

# फूलबारीमा बिसे नगर्चीको शालिक

बुटवल । बिसे नगर्ची एकताको प्रतिक नेपाल रुपन्देहीको आयोजनामा बुटवल-२ फूलबारीमा बिसे नगर्चीको पूर्णकदको शालिक अनावरण तथा विश्राम गृहको समुद्घाटन गरिएको छ। कार्यक्रममा बुटवल उप-महानगरपालिकाका नगरप्रमुख खेलराज पाण्डेयले बिसे नगर्चीका बारेमा अनुसन्धान गरेर विभिन्न तथ्य र प्रमाणहरु जुटाएकोमा आयोजकलाई धन्यवाद व्यक्त गरे । उनले इतिहासको कालखण्डमा नेपालको एकीकरणलाई नियालेर हेर्दा धेरै संकटका क्षणहरु जुन बेलामा थिए, त्यो बेलामा बिसे नगर्चीको महत्वपूर्ण योगदान रहेको बताए । त्यस्तैगरी पूर्व राजदूत पदम सुन्दासले बिसे नगर्चीको योगदानलाई राज्यले छायाँमा पारेको भन्दै उनको इतिहासलाई देशव्यापी बनाउन सातै प्रदेशमा शालिक निर्माण गरिने बताए।

परियार सेवा समाजका केन्द्रीय वरिष्ठ उपाध्यक्ष कृष्ण रणपालले बोल्दै देशमा धेरै सरकार आए पनि बिसे नगर्चीको योगदानलाई महत्व नदिएको कारण ओझेलमा परेको बताए । कार्यक्रममा नेपाल कपडा तथा सिलाइ व्यवसायी महासंघका केन्द्रीय अध्यक्ष रामकृष्ण श्रेष्ठले बिसे नगर्चीको शालिक निर्माणमा सबै व्यवसायीको साथ र सहयोग रहेको बताउँदै आगामी दिनमा पनि सबैको साथ जरुरी रहेको जनाए। त्यस्तैगरी रिब्दीकोट गाउँपालिका पाल्पाका अध्यक्ष नारायणबहादुर कार्की, मणिमुकुन्द सेन उद्यान संरक्षण समितिका अध्यक्ष माधव नेपाल, गोरखा फाउण्डेसनका अध्यक्ष बिरु दर्नाल, परियार सेवा समाज रुपन्देहीका सल्लाहकार जंगबहादुर बुढापृथी, परियार गुठी समाज पाल्पाका अध्यक्ष तीर्थप्रसाद गौतम, दलित कल्याण समाज संघका केन्द्रीय उपाध्यक्ष रवि विश्वकर्मालगायतले बोल्दै बिसे नगर्चीको शालिक अनावरणले रुपन्देहीमा सकारात्मक सन्देश प्रभाव भएको बताउँदै यसको संरक्षण र प्रबर्द्धनमा सबै लाग्नुपर्ने बताएका थिए।

बिसे नगर्ची एकताको प्रतिक नेपालका अध्यक्ष रामबहादुर रणपालले बोल्दै बिसे नगर्चीको शालिक तथा विश्राम गृह निर्माणका लागि जग्गा उपलब्ध गराउने संस्था मणिमुकुन्द सेन उद्यान संरक्षण समितिको सिङ्गो टिम, आर्थिक सहयोग गर्ने बुटवल उप-महानगरपालिका, विभिन्न दाता तथा सहयोगी महानुभावहरुप्रति हार्दिक आभार तथा धन्यवाद व्यक्त गरेका थिए।

कार्यक्रममा समाजसेवी डुलबहादुर कुँवर, रिब्दीकोट गाउँपालिका वडा नं. ७ का वडा अध्यक्ष दान बहादुर कुँवरलगायतको सहभागिता रहेको थियो।

कार्यक्रममा बिसे नगर्चीको शालिक निर्माण तथा विश्राम गृह निर्माणका लागि आर्थिक सहयोग गर्ने विभिन्न महानुभावहरु, कलाकार र पत्रकारलाई समेत सम्मान गरिएको थियो । सोही कार्यक्रममा लोकश्वर सम्राट तथा संस्थाका सल्लाहकार राजु परियार, कुसुम परियार, विजय सुनाम, पूर्णचन्द्र परियारलगायतका कलाकारमार्फत् गीत प्रस्तुत गरिएको थियो। साथै कार्यक्रममा चरङ्गे बाजा समूहको समेत प्रस्तुति रहेको थियो।

कार्यक्रममा बिसे नगर्ची एकताको प्रतिक नेपालका वरिष्ठ उपाध्यक्ष लोकबहादुर नेपालीले बिसे नगर्चीको इतिहासको बारेमा चर्चा गर्दै उपस्थित महानुभावहरुलाई स्वागत गरेका थिए भने कार्यक्रमको सञ्चालन सचिव नारायण बीपी परियारले गरेका थिए।

# महिला स्वास्थ्य स्वयम्सेविकालाई बिदाई

कञ्चन । रुपन्देहीको कञ्चन गाउँपालिकाको स्वास्थ्य शाखाअन्तर्गत सामुदायिक महिला स्वास्थ्य स्वयम्सेविकाको रुपमा कार्यरत रहेका दुई जना स्वयम्सेविकाहरुलाई बिदाई गरेको छ। बिदाई हुनेमा मीनाकुमारी मल्लठकुरी र भगवती पौडेल रहेको कञ्चन गाउँपालिकाका स्वास्थ्य शाखाका सहायक प्रमुख गणेश सुनारले जानकारी दिए।

अनिवार्य अवकाश भई बिदाई हुने स्वयम्सेविका मीनाकुमारी मल्लठकुरीलाई पालिकाको तर्फबाट ६० हजार रुपैयाँसहित प्रशंसा पत्रले सम्मान समेत गरिएको थियो भने स्वेच्छिक अवकाश लिएकी भगवती पौडेललाई प्रशंसा पत्रले सम्मानसहित बिदाई गरिएको थियो।

स्वास्थ्य स्वयम्सेविकाहरुलाई सम्मान तथा बिदाई गर्दै कञ्चन गाउँपालिकाका अध्यक्ष नवराज ढकालले स्वयम्सेवी भावनाले ग्रामीण स्वास्थ्य सेवामा निरन्तर खट्ने सामुदायिक महिला स्वास्थ्य स्वयम्सेविकाहरुप्रति गर्व गर्दै कञ्चनलाई स्वास्थ्य सेवाको क्षेत्रमा उत्कृष्टता दिन स्वयम्सेविकाहरुको अहम भूमिका र योगदान भएको बताए।

यस्तै उपाध्यक्ष मौसमी थापा मगरले घरको सबै काम सकेर निःशुल्क रुपमा गाउँको स्वास्थ्य सेवामा समेत काम गर्ने सामुदायिक महिला स्वास्थ्य स्वयम्सेविकाहरु नजिकको स्वास्थ्यकर्मी भएको बताइन्।

यसैगरी प्रमुख प्रशासकीय अधिकृत माधवराज पोखरेलले सामुदायिक महिला स्वास्थ्य स्वयमसेविकाहरुले ग्रामीण स्वास्थ्य सेवामा पुऱ्याएको योगदान र भूमिका अतुलनीय रहेको र त्यसको कुनै पनि बस्तु वा मूल्यमा मापन गर्न नसकिने विचार व्यक्त गरेका थिए।


**वैदेशिक रोजगारीमा जाँदा ध्यान दिऔं।**

- वैदेशिक रोजगारीमा जाँदा सीप सिकेर जाऔँ,
- वैदेशिक रोजगारीमा जाँदा अनुमती प्राप्त संस्थाबाट मात्र जाऔँ,
- सामान्य चिनेको व्यक्तिले भनेको आधारमा अवैध मार्गवाट जाने कार्य नगरौ,
- अनुमती प्राप्त संस्था मार्फत जाँदा वेवसाइट मार्फत विज्ञापन भए नभएको तथा लट नम्बर हेरी अन्तरवार्ता लगाएतका छनौट प्रकृयाबाट मात्र जाऔँ,
- वैदेशिक रोजगारीका लागि शुल्क बुझाउँदा वैडिङ प्रणालीको प्रयोग गरौं,
- वैदेशिक रोजगारीमा जाँदा अभिमुखीकरण तालिम लिने गरौं,
- भिजिट भिसामा विदेशमा गएर काम नगरौं,
- विदेशमा रहँदा मर्यादित, अनुशासित भई उक्त देशको कानून पालना गरौं,
- कार्यस्थलमा कार्य गर्दा पुर्ण रुपमा व्यवसायजन्य सुरक्षाका मापदण्डहरुको पाल स्वदेशमा पैसा पठाउँदा बैंकिङ माध्यमको प्रयोग गरौं।

**नेपाल सरकार विज्ञापन बोर्ड**

**आकर्षक डिजाइन तथा छपाई**

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

**आइडिया डिजाइनर्स/अफसेट प्रेस**

सम्पर्कः
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः–०७१–५५०२९३ मो. ९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

**हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं**

तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्

**सुपर काइनेटिक कुरियर्स सर्भिस**

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१

प्रो. मञ्जु एण्ड सन्स्
फोनः ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४

**न्यू कुमकुम ज्वेलर्स**

वि.पि. चोक, बुटवल-४, रूपन्देही



विगत १५ वर्षदेखि तपाईंको सेवामा समर्पित

स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल

पुराना गहनाहरू संग नयाँ गहना साट्नुका साथै खरिद विक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com